# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक २८ | काठमाडौं | बुधबार, ०७ जेठ २०८२ | Prabhab National Daily | Wednesday, May 21, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-



**लु (तातोहावा) का असर र बच्ने उपाय**

**नियमित स्वास्थ्य परीक्षण किन ?**
- प्राणघातक रोगहरूको प्रारम्भिक अवस्थामा नै पहिचान गर्न,
- पहिचान भएका रोगको समयमा नै रोकथाम तथा उपचार गर्न,
- सम्भावित रोगको पूर्वानुमान गरी बच्न र बचाउन,
- दीर्घ रोगबाट बच्न,
- उपचार खर्च कम गर्न

**त्यसैले,**
- स्वास्थ्य परीक्षण स्वास्थ्यमा गरिने लगानी हो,
- आफूलाई पायक पर्ने र स्वास्थ्य संस्थामा गई नियमित रूपमा परीक्षण गराऔं,
- स्वास्थ्य र निरोगी बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## बालेनका विश्वासपात्र पाण्डे कारबाहीमा तानिंदै

### गुरागाइँले सोधे सातबुँदे स्पष्टीकरण, जवाफ दिन सात दिनको म्याद

■ प्रभाव संवाददाता


सरोज गुरागाइँ    राजुनाथ पाण्डे

**काठमाडौं–** काठमाडौं महानगरपालिका (कामपा)का प्रमुख बालेन्द्र (बालेन) साहका ‘राइट ह्याण्ड’ मानिने महानगर प्रहरी प्रमुख राजुनाथ पाण्डेलाई स्पष्टीकरण सोधिएको छ । महानगरका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाइँले सोमबार उनलाई सातबुँदे स्पष्टीकरण सोधेका हुन् । स्पष्टीकरणपत्रमा आफूलाई चैत २१ गते कार्यालय प्रवेश गर्दा रोक्ने काम गरेकोदेखि गाडीको ह्वील लक लगाएकोलगायतका विषयमा किन कारबाही नगर्ने ? भनी जवाफ मागेका छन् ।

पाण्डेले महानगर प्रमुख साहको मौखिक आदेशमा काम गर्दै आएका थिए । महानगर प्रहरी प्रमुख प्रशासकीय अधिकृत मातहत हुने भए पनि साहको आडमा ‘सिंघम शैली’मा उत्रिने गरेका पाण्डे कारबाहीको भागीदार बन्ने सम्भावना बढेको छ ।

उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू र कार्यपालिका सदस्यहरूले पटक-पटक अनुरोध गर्दासमेत प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षको ताला खोल्ने काममासमेत उनले महानगर प्रमुख साहको मौखिक आदेशमा अवरोध सिर्जना गरेका थिए । त्यसपछि उपप्रमुख सुनिता डंगोलले लिखित वा कुनै त्यस्तो पत्र छ अवरोध गर्नलाई ? भनेपछि उनले महानगर प्रमुखको मौखिक आदेश पालना गरेको जवाफ दिएका थिए ।

काठमाडौं महानगरपालिका महानगर प्रहरी ऐन, २०८० को दफा ५ बमोजिम काम गर्नुपर्नेमा किन ऐन पालना नगरेको भन्दै स्पष्टीकरण सोधिएको हो । स्पष्टीकरणपत्र बुझेको मितिले सात दिनभित्र जवाफ पेस गर्न भनिएको छ । ‘म्यादभित्र स्पष्टीकरण नबुझाएमा वा स्पष्टीकरण चित्तबुझ्दो नभएमा कानुनबमोजिम कारबाही हुने ब्यहोरासमेत जानकारी गराउँदछु,’ स्पष्टीकरणपत्रमा भनिएको छ ।

#### यस्ता छन् मुख्य आरोप

- प्रमुख प्रशासकीय अधिकृतको सवारीसाधनमा ह्वील लक लगाएर काममा अवरोध सिर्जना गरेको
- प्रमुख प्रशासकीय अधिकृत काममा आउँदा प्रहरी साङ्लो बनाइ अवरोध सिर्जना गरेको र हुलहुज्जत गरेको
- कार्यालयमा उपस्थित जनप्रतिनिधिकोसमेत बाटो छेकी अमर्यादित एवं अभद्र व्यवहार गरेको
- प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा ताला लगाएको र उपप्रमुखदेखि अन्यले आग्रह गर्दा पनि अस्वीकार गरेको
- हाजिर पुस्तिका कब्जामा लिएको
- कर्मचारीले पालना गर्नुपर्ने कानुन पालना नगरेको
- सञ्चारमाध्यममा अनधिकृत बयानवाजी गरेको

#### पाण्डेको बहिर्गमन कति नजिक ?

काठमाडौं महानगरपालिकामा केही वडाध्यक्ष र महानगर प्रमुख साहको साथ पाएपछि मैमत्त बनेका प्रहरी प्रमुख पाण्डे अन्ततः कारबाहीमा तानिने भएका छन् । नगरप्रमुखको मौखिक आदेशमा जस्तोसुकै कदम चाल्छु भन्दै आतंक फैलाउन उद्धत देखिन्थे उनी ।

उसो त पाण्डेले राष्ट्रिय परिचयपत्र बनाउँदासमेत तनाव व्यहोरेका थिए । महानगरमा राष्ट्रिय परिचयपत्र बनाउन जाँदा दुई पत्नीका कारण बन्न नसक्दा एक कर्मचारीलाई तीन महिनासम्म शक्तिको दुरूपयोग गर्दै निलम्बनमा नै राखेका थिए ।

क्रमशः पृष्ठ २ मा

# कांग्रेस नेता पौडेल बने गभर्नर

- अघिल्लो गभर्नर महाप्रसाद अधिकारीमाथि एमाले कार्यकर्ता भएको भन्दै घोचपेच गर्ने कांग्रेस यसपटक हाकाहाकी आफ्नो नेतालाई गभर्नर बनाउन सफल
- पार्टीको नेता गभर्नर बनाएको आरोप खेपेका प्रधानमन्त्री केपी शर्मा ओली डा. विश्व पौडेललाई गभर्नर दिएर कांग्रेस पनि ‘कम्तीको छैन’ भनेर देखाउन सफल

■ प्रभाव संवाददाता




**काठमाडौं–** सरकारले लामो रस्साकस्सीपछि नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्त गरेको छ । मंगलबार साँझ बसेको मन्त्रिपरिषद्को बैठकले अर्थशास्त्री डा. विश्व पौडेललाई गभर्नर नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

राष्ट्र बैंकको १८औं गभर्नर बनेका पौडेल नेपाली कांग्रेसका नेता हुन् । जसकारण उनको नियुक्तिको विषयमा प्रश्न उठेको छ । वित्तीय क्षेत्रको नेतृत्व गर्ने संस्थामा राजनीतिक व्यक्तिलाई नियुक्त गरेपछि सरकारको आलोचनासमेत सुरु भएको छ । यद्यपि, उनको नियुक्ति रोक्न भन्दै पुगेको रिटलाई सर्वोच्च अदालतले मंगलबार नै दरपीठ गरिदिएको थियो ।

सत्ता साझेदार दल नेपाली कांग्रेसको दबाबमा पौडेल गभर्नर नियुक्त भएका हुन् । गभर्नर नियुक्ति लामो समय गिजोलिएपछि मंगलबार कांग्रेस सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर दबाब दिएका थिए । यद्यपि, देउवा र ओलीबीच पौडेललाई गभर्नर बनाउने सहमति जुटेको सार्वजनिक गरियो ।

त्यसलगत्तै बसेको गभर्नर सिफारिस समितिको बैठकले पौडेल, राष्ट्र बैंकको कायममुकायम गभर्नर नीलम ढुंगाना र पूर्वसचिव दिनेश भट्टराईको नाम सिफारिस गरेको थियो । सोही सिफारिसका आधारमा मन्त्रिपरिषद्ले एक नम्बरमा रहेका पौडेलको नाम अनुमोदन गरेको हो । ‘उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलको नेतृत्वमा बनेको तीन सदस्यीय समितिको सिफारिसमा तीन जना व्यक्तिहरू डा. विश्वनाथ पौडेल, नीलम ढुंगाना र पूर्वसचिव दिनेश भट्टराईमध्ये मन्त्रिपरिषद् बैठकले डा. विश्वनाथ पौडेललाई गभर्नरमा नियुक्त गर्ने निर्णय गरेको छ,’ सञ्चारमन्त्रीसमेत रहेका प्रवक्ता गुरुङले बताए ।

सत्तामा रहेको दुई ठूला दल कांग्रेस र नेकपा एमालेबीच गभर्नर नियुक्तिको विषयमा रस्साकस्सी चलेको थियो ।

क्रमशः पृष्ठ २ मा

#### गभर्नर नियुक्तिको टाइमलाइन

| | |
|---|---|
| चैत ११ | अर्थमन्त्री विष्णु पौडेलको नेतृत्वमा पूर्वगभर्नर विजयनाथ भट्टराई र योजना आयोगका पूर्वउपाध्यक्ष डा. विश्व पौडेलसहितको तीन सदस्यीय गभर्नर सिफारिस समिति गठन । |
| चैत २४ | निवर्तमान गभर्नर महाप्रसाद अधिकारीको अवकाश । |
| वैशाख ९ | सिफारिस समितिको सदस्यबाट विजयनाथ भट्टराईको राजीनामा । |
| वैशाख १८ | विजयनाथको ठाउँमा पूर्वगभर्नर महाप्रसाद अधिकारी सदस्य नियुक्त । |
| वैशाख २८ | छनोट समितिको सदस्यबाट डा. विश्व पौडेलको राजीनामा । |
| जेठ १ | गभर्नर छनोट समिति पुनर्गठन, विश्वको ठाउँमा पोषराज पाण्डे नियुक्त । |
| जेठ ६ | डा. विश्व पौडेल गभर्नर नियुक्त । |

#### को हुन् विश्व पौडेल ?

चितवन-१ बाट २०७९ को निर्वाचनमा कांग्रेस उम्मेदवार बनेका डा. विश्व पौडेल राष्ट्रिय स्वतन्त्र पार्टीका हरि ढकालसँग पराजित भएका थिए । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष पौडेल काठमाडौं विश्वविद्यालयका प्राध्यापकसमेत हुन् । उनले अमेरिकाको युनिभर्सिटी अफ क्यालिफोर्निया, बर्कलेबाट विद्यावारिधि गरेका छन् । विश्व बैंकमा अल्पकालीन परामर्शदाता र अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) मा आर्थिक सल्लाहकारको भूमिकामासमेत पौडेलले काम गरेका थिए ।

राष्ट्र बैंकमा राजनीतिक दलका नेता कार्यकर्ता गभर्नर बन्न पाउँदैनन् । तर, कांग्रेसबाट चुनाव लडेका कारण उनको विरुद्ध सर्वोच्च अदालतमा मुद्दासमेत परेको थियो । तर सर्वोच्च अदालतले उक्त मुद्दा दर्ता गर्न मानेन । न्यायाधीश सपना प्रधान मल्लको इजलासले दरपीठ कायम हुने आदेश मंगलबार सुनाएसँगै पौडेल गभर्नर बन्ने बाटो खुलेको हो । जेठ ५ गते अधिवक्ता प्रतिभा उप्रेती र विशाल थापाले सर्वोच्च अदालत प्रशासनको दरपीठ खारेजको माग गर्दै निवेदन दिएका थिए । नवनियुक्त गभर्नर पौडेलले आफ्नो पहिलो प्राथमिकता बलियो सुपरीवेक्षण हुने बताएका छन् ।

**सन्दर्भः वैदेशिक रोजगार**

## आवेदन गरेकै दिन जारी गर्न थाल्यो विभागले श्रम स्वीकृति

■ विविशा पौडेल




**काठमाडौं–** वैदेशिक रोजगार विभागले मंगलबारदेखि आवेदन पेस गरेकै दिनमा श्रम स्वीकृति जारी गर्न थालेको छ । विभागबाट प्रदान गरिने सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउने उद्देश्यसहित विभागले यो सेवा सुरु गरेको हो ।

श्रम स्वीकृतिमा हुने ढिलाइले हैरानी बेहोर्दै आएका सेवाग्राहीले अब भने राहत पाउने भएका छन् । ‘विभागबाट सम्पादन हुँदै आएको श्रम स्वीकृतिको कार्यलाई चुस्त, दुरूस्त र प्रभावकारी बनाउन मंगलबारबाट अनलाइन एप्लिकेसनमा भरेको दिनमै श्रम स्वीकृति दिने परिपाटी र पद्धति सुरुआत गरेको छ,’ विभागले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यद्यपि, अनलाइन एप्लिकेसन रीतपूर्वक भरेको हुनुपर्ने विभागको भनाइ छ । उक्त सेवा कार्यालय समयभित्रै सम्पादन हुने पनि विभागले जनाएको छ । यसबाट सेवाग्राहीले छिटो, छरितो र प्रभावकारी सेवा पाएको अनुभूति गर्ने विभागको अपेक्षा छ ।

‘विभागबाट प्रदान गरिने सेवा प्रवाहलाई चुस्त, दुरूस्त र प्रभावकारी बनाई जनतालाई झण्झटरहित बनाउन यो नीति अवलम्बन गरिएको हो,’ विभागको भनाइ छ, ‘राज्यले अख्तियार गरेको नीति, विधि पद्धतिअनुसार सेवा प्रवाह गर्न विभाग क्रियाशील छ ।’

वैदेशिक रोजगार व्यवसायलाई पारदर्शी एवं मर्यादित बनाउनका लागि अख्तियार गरेको संकल्प, नीति एवं विधिहरूलाई पालना गरी व्यवसायलाई व्यवस्थित गर्ने प्रतिबद्धतासमेत विभागले जनाएको छ ।

विभागमा हालै महानिर्देशकको जिम्मेवारी सम्हालेका कमलप्रसाद भट्टराईले गएको शुक्रबारमात्रै पत्रकार सम्मेलन गरी विभागको काम कारबाहीलाई चुस्त बनाउने बताएका थिए । उनले केही दिनभित्रै नयाँ महानिर्देशक आएको अनुभूति गर्न पाउने बताएको केही दिनमै आवेदन गरेकै दिन श्रम स्वीकृति दिने सेवाको सुरुआत गरेका हुन् ।

विभागको प्रणालीमा पटक-पटक आउने समस्याले पनि सेवाग्राहीले हैरानी बेहोर्दै आएका छन् । वैदेशिक रोजगार व्यवसायीहरूले यो समस्या हटाउन भन्दै महानिर्देशक भट्टराईलाई ज्ञापनपत्र बुझाएका थिए ।

## इजरायलमा रोजगारीको दायरा विस्तार गर्नेबारे छलफल

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य इजरायलमा नेपाली श्रमिकका लागि थप अवसर सिर्जना गर्न वैदेशिक रोजगार विभागले पहल थालेको छ । विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले मंगलबार नेपालका लागि इजरायली राजदूत श्मुलिक एरी बाससँग यसबारे छलफल गरेका हुन् ।

ताहाचलस्थित विभागको कार्यालयमा भएको भेटवार्तामा नेपाली नागरिकका लागि इजरायलमा हाल प्राप्त केयर गिभरका साथै रोजगारीका अतिरिक्त अन्य क्षेत्रसमेत पहिचान गर्दै रोजगारीको दायरा विस्तार गर्ने विषयमा छलफल भएको विभागले जनाएको छ । ‘नेपालीहरूका लागि इजरायल आकर्षक रोजगारीको गन्तव्यस्थल रहेकोले थप रोजगारीका क्षेत्र पहिचान गर्दै सोलाई कानुनीरूपमा अघि बढाउनका साथै यसअघि छनोट प्रक्रिया पूरा गरी प्रस्थानको पर्खाइमा रहेका केयर गिभरको प्रस्थान प्रक्रिया छिटो गर्न सक्रियतापूर्वक अघि बढ्नेलगायत द्विपक्षीय हितका विषयमा छलफल भएको छ,’ विभागले मंगलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

भविष्यमा श्रम रोजगारका नवीन र सुरक्षाका दृष्टिकोणलेसमेत उचित मानिएका क्षेत्रमा नीतिगत व्यवस्था गरी रोजगारका अवसरहरू सिर्जना गर्दै इजरायल रोजगारी गर्न जान चाहने नेपाली नागरिकको प्रस्थान प्रक्रियालाई थप सुव्यवस्थित र पारदर्शी बनाउने विषयमासमेत छलफल भएको विभागले जानकारी दिएको छ ।

नेपाली श्रमिकहरूको आकर्षक गन्तव्यको रूपमा इजरायल रहेको छ । इजरायलले बच्चा, युवा तथा ६५ वर्ष ननाघेका गम्भीर अपांगता भएकाहरूको स्याहारका लागि नेपालबाट केयरगिभर लग्दै आएको छ । त्यहाँ जाने कामदारले प्रत्येक दिन सात घण्टाका दरले हप्ताको छ दिनकाम गर्नुपर्छ । अतिरिक्त कामगरे त्यसबापतको छुट्टै पारिश्रमिक पाइन्छ । इजरायलमा प्रतिमहिना एक जना श्रमिकले पाँच हजार ८८० इजरायली सेकेल अर्थात् दुई लाख रूपैयाँभन्दा बढी कमाउने गरेका छन् । कम्तीमा एसएलसी उत्तीर्ण गरी मान्यताप्राप्त तालिमप्रदायक संस्थाबाट तीन महिनाको केयर गिभिङ तालिम लिए इजरायल जान योग्य भइन्छ । इजरायलले कामदारको जम्मा मागमध्ये ६० प्रतिशत महिला र ४० प्रतिशत पुरुषलाई लग्दै आएको छ ।




# नब्बे सालको भूकम्पमा भत्किएको लक्ष्मीनरसिंह मन्दिर पुनर्निर्माण

**भक्तपुर–** नब्बे सालको भूकम्पमा भत्किएको भक्तपुर नगरपालिका-४ गःहिटीस्थित लक्ष्मीनरसिंह मन्दिरको पुनर्निर्माण भएको छ । उक्त मन्दिरको नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले मंगलबार उद्घाटन गरे ।

विक्रम संवत् १९९० को महाभूकम्पमा मन्दिर भत्किएपछि जस्ताले छाएर सानो मन्दिरका रूपमा रहँदै आएको थियो । मन्दिरका विषयमा लामो अनुसन्धानपछि प्यागोडाशैलीमा तीन तलाको मन्दिर निर्माण गरिएको हो । वि.सं. २०७६ सालमा मन्दिरको पुनर्निर्माण सुरु गरिएको थियो ।

उद्घाटन कार्यक्रममा बिजुक्छेले भने, 'नरसिंह शक्तिको प्रतीक हो, लक्ष्मीसहितको नरसिंहले सन्तुलनको प्रतीक दर्शाउने गर्छ । शक्तिको आडमा मात्र विजय हासिल हुने कुरा सत्य होइन भन्ने सन्देश यहाँबाट पाइन्छ ।'

कला संस्कृति संरक्षण र संवर्द्धन आफैंमा सेवामुखी काम भएको बताउँदै अध्यक्ष बिजुक्छेले सबै जनताले स्वयंसेवी भावनाले उपभोक्ता समितिमार्फत मन्दिर पुनर्निर्माणमा खटिएकै कारण निर्माण सम्भव भएको बताए । सम्पदा पुनर्निर्माणको काम ठेक्कामा दिन नहुनेतर्फ सबै सचेत हुन आवश्यक भएको बताउँदै भक्तपुरका जनताबीचको एकता तथा आपसी सहयोगको भावना नै भक्तपुरको विशेषता बन्दै गइरहेको अध्यक्ष बिजुक्छेले बताए ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले मल्लकालीन मौलिक स्वरूपमै मन्दिरको पुनर्निर्माण गरिएको बताए । मन्दिर पुनर्निर्माणका लागि भक्तपुर नगरपालिकाले सात करोड ७७ लाख रूपैयाँ लगत अनुमान गरेकामा उपभोक्ता समितिमार्फत चार करोड ८३ लाख चार हजार रूपैयाँमा पुनर्निर्माण सम्पन्न भएको उनले बताए ।

नगरपालिकाकी उपप्रमुख रजनी जोशीले इतिहासको गर्भमा लुप्त अवस्थामा रहेको लक्ष्मीनरसिंह मन्दिर पुनर्निर्माण हुनुले भक्तपुरवासीकै गौरव बढाएको बताइन् । पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले नेपालमा हरेक १०० वर्षमा ठूल्ठूला भूकम्प जाने गरेको तथ्यांक प्रस्तुत गर्दै सम्पदाहरूको समयसापेक्ष ढंगले जीर्णोद्धार र मर्मतसम्भारमा पनि ध्यान दिनुपर्ने बताए । इतिहासविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले मौलिक स्वरूप गुमाइसकेको मन्दिरले पुनःजीवन पाउनु ठूलो उपलब्धि भएको बताए ।

कार्यक्रममा भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्याल, लक्ष्मीनरसिंह मन्दिर पुनर्निर्माण प्राविधिक समितिका संयोजक एवं ख्वपः इञ्जिनियरिङ कलेजका प्राचार्य इ.सुजन माक, लक्ष्मीनरसिंह मन्दिर उपभोक्ता समितिका अध्यक्ष न्हुछेराम भेलेले मन्दिर पुनर्निर्माणसम्बन्धी जानकारी गराएका थिए ।

कार्यक्रममा बिजुक्छेले मन्दिर पुनर्निर्माणका डकर्मी जगतराम न्हिसुतु र सिकर्मी नाइके बलराम शिल्पकारलाई दोसल्ला ओढाएर सम्मान गरे । मन्दिर उद्घाटनपूर्व भक्तपुर दरबार क्षेत्रबाट भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा सांस्कृतिक बाजागाजासहित क्वाछेँ, टोमढी हुँदै लक्ष्मीनरसिंह मन्दिरसम्म ¥याली भएको थियो । *रासस*

पृष्ठ १ बाट क्रमशः

## कांग्रेस नेता...

जसकारण बहालवाला गभर्नरको कार्यकाल सकिन एक महिनाअघि नै नयाँ नियुक्त गर्नुपर्नेमा डेढ महिना बित्दासम्म नियुक्त हुन सकेन । गभर्नर नियुक्तिकै विषयले सत्ता गठबन्धन टुट्ने संकेत देखिएपछि अन्ततः प्रधानमन्त्री ओली कांग्रेसले भनेकै उम्मेदवारलाई गभर्नर बनाउन तयार भएका हुन् । ओलीले भने कामु गभर्नर नीलमलाई गभर्नर बनाउन चाहेका थिए ।

चैत ११ गतेको मन्त्रिपरिषद्ले उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलको नेतृत्वमा तीन सदस्यीय गभर्नर सिफारिस समिति गठन गरेको थियो । उक्त समितिमा पूर्वगभर्नर विजयनाथ भट्टराई र योजना आयोगका पूर्वउपाध्यक्ष पौडेल (जो शुक्रबार आफैं गभर्नर बने) थिए । गभर्नर नियुक्तिमा दुई दलको रस्साकस्सीले छनोट समितिको बैठक भने जेठ ६ मा मात्र बस्यो ।

गभर्नरमा नयाँ-नयाँ उम्मेदवारको नाम ट्रायलमा आइरहेपछि पूर्वगभर्नर विजयनाथले यो समिति वैशाख ९ गते नै छाडे । छनोट समितिको सदस्यमा मन्त्रिपरिषद्ले वैशाख १८ गते पूर्वगभर्नर महाप्रसाद अधिकारीलाई नियुक्त गर्ने निर्णय ग¥यो । यो बेलासम्म गुणाकर भट्ट गभर्नर बन्ने बताइएको थियो । गभर्नर बन्नकै लागि उनले राष्ट्र बैंकको कार्यकारी निर्देशकबाट राजीनामा दिए । तर उनको राजीनामा राष्ट्र बैंकले स्वीकृत गरिदिएन । कार्यवाहक गभर्नरको जिम्मेवारी सम्हालेकी नीलमले उनको राजीनामा रोकेकी थिइन् । जसमा प्रधानमन्त्री ओलीले साथ दिएको बताइन्छ ।

सबैभन्दा पहिले गभर्नर बन्ने भन्दै ज्ञानेन्द्र ढुंगानाको नाम चर्चामा आएको थियो । नबिल बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ)बाट चैत १२ गते राजीनामा दिएका उनलाई कांग्रेसको आधिकारिक उम्मेदवार भनियो । त्यतिबेला उनको नाम गभर्नरमा लगभग पक्कापक्कीजस्तै भएको बताइन्थ्यो ।

त्यसपछि रवीन्द्र पाण्डे र पूर्वमुख्यसचिव राजेन्द्रकिशोर क्षेत्रीको नाम गभर्नर बन्ने भन्दै चर्चामा आयो । सरकारले उनीहरूलाई गभर्नरमा ल्याउन उमेर हद नै हटाइदियो । तर ६५ वर्षे उमेर हद हटाइएको मापदण्ड तत्काल कार्यान्वयन नगर्न सर्वोच्चको अल्पकालीन आदेश दिएसँगै गभर्नरको दौडमा रहेका पाण्डे र क्षेत्री आउट भए । गभर्नरको मापदण्डमा ३० वर्ष र कार्यकारी प्रमुखबाहेक अन्य पदाधिकारी र सदस्यको हकमा ३५ वर्ष उमेर पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने व्यवस्था छ ।

यहीबीच अहिलेकी कायममुकायम गभर्नर निलमको नाम पनि गभर्नर बन्ने चर्चा भयो । यद्यपि उनी एमालेनिकट भन्दै कांग्रेसले आफ्नै निकटकालाई उक्त पदमा ल्याउने कोसिस जारी राख्यो । कांग्रेसले आफ्नो आधिकारिक उम्मेदवार बनायो गुणाकरलाई । राष्ट्र बैंकको कार्यकारी निर्देशकमा रहेका उनले पदबाट राजीनामा दिए पनि । तर उनको राजीनामा होल्डमा राखियो । देशको अर्थतन्त्रलाई ट्र्याकमा राख्ने मुख्य निकायको प्रमुख ल्याउन सरकारलाई हम्मे परेपछि यसबारे कांग्रेसमा चर्कै असन्तुष्टि छायो । कांग्रेस संस्थापनइतरले सभापति देउवालाई छास्न थाले । देउवाको चर्को आलोचना हुन थाल्यो । गभर्नर नियुक्तिमा प्रधानमन्त्री ओलीले कांग्रेसलाई फनफनी घुमाएको आरोप उनीमाथि लागेको थियो ।

त्यसपछि वैशाख २३ गते ललितपुरको सानेपास्थित पार्टी कार्यालयमा आयोजित एक कार्यक्रममा देउवाले भने- 'ओलीजीका कारण गभर्नर नियुक्ति ढिलाइ भएको हैन । उहाँले त कांग्रेसलाई दिन्छु भनिसक्नुभएको छ ।' यसपछि धेरैले अनुमान गरे- गुणाकर नै अबको गभर्नर बन्ने छन् । तर बिचौलियाहरूको एक समूहले उनलाई कांग्रेसले मन पराए पनि एमालेका नेताहरूले मन नपराउने भन्दै ट्रायल चलाए । त्यसपछि भने गुणाकरको ठाउँमा डा. पौडेलको नाम आयो ।

## एकैदिन तीन बैठक, एकै दिन अनुमोदन

डा. पौडेललाई दलको ट्याग लागेको भन्दै प्रधानमन्त्री ओलीले आनाकानी गरेपछि सोमबारको मन्त्रिपरिषद्समेत स्थगित भयो । कांग्रेस सभापति देउवालाई यस विषयमा छलफल गर्न ओलीले बालुवाटार डाकेका थिए । तर देउवा बालुवाटार गएनन् । सत्तारुढ दलबीच गभर्नरकै विषयमा तिक्तता बढेपछि अन्ततः ओली देउवाकै उम्मेदवार पौडेललाई स्वीकार्न बाध्य भए ।

त्यसपछि दुई शीर्ष नेताबीच मंगलबार बिहान भेटवार्ता भयो । लगत्तै गभर्नर छनोट समितिको बैठक बस्यो र पौडेलको नाम सिफारिस भएसँगै साँझ ५ बजेका लागि मन्त्रिपरिषद् बैठक डाकियो । सोही मन्त्रिपरिषद्ले गभर्नरको नाम डा. पौडेल फाइनल गरेको खेलकुदमन्त्री तेजुलाल चौधरीले बताए ।

यसअघि कांग्रेस नेताहरूले आफ्नो दलले गभर्नर पाउनुपर्ने भन्दै विभिन्न भाषणबाजी गरेका थिए । यसअघि कांग्रेसका नेताहरूले निवर्तमान गभर्नर महाप्रसाद अधिकारीलाई अर्थ विभागको सदस्य राखेको भन्दै आरोप लगाउँदै आएका थिए । २०७९ असार २९ गते मौद्रिक नीतिबारे व्यंग्य कस्दै भनेका थिए, 'मैले गरेको यी सबै अनुरोध नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारीलाई हो । नेकपा एमालेको अर्थ योजना विभागको सदस्य मिस्टर एम अधिकारीले मलाई भनेको हो कि भनेर बुझ्नुभएमा क्षमा चाहन्छु ।'

'राष्ट्र बैंकजस्तो गरिमामय संस्थामा जुन नेतृत्वको ऐतिहासिक भुल गरिँदै छ, विगतमा दलीयकरणको बाछिटा राष्ट्र बैंकमा परेको थियो । अर्थ मन्त्रालय र राष्ट्र बैंकको द्वन्द्व सतहमै आएको थियो,' चितवन-१ बाट निर्वाचित सांसद हरि ढकालले केही दिनअघि संसद्मा भनेका थिए, 'दलबाट नै हाम्रा दलको तर्फबाट जुन अभ्यास भयो । त्यो एकदमै निन्दनीय छ ।' यसअघि कांग्रेसबाट अर्थमन्त्री बनेका डा. प्रकाशशरण महत र गभर्नर अधिकारीबीच द्वन्द्व हुँदा अर्थतन्त्रमा समस्या निम्तिएको थियो ।

■■■

## बालेनका...

उनलाई स्पष्टीकरण सोधेर कारबाहीको प्रक्रिया अगाडि बढाउँदा उनी मातहतकै प्रहरीहरू नै खुसी देखिएको स्रोतको दाबी छ । त्यसो त पाण्डेले पाएको प्रहरी प्रमुखको जिम्मेवारी नै वैध नभएको बताइन्छ । महानगर प्रमुख साहले फुली लगाइदिए पनि त्यसले औपचारिकरूपमा वैधता पाइनसकेको महानगर स्रोतको दाबी छ ।

## महानगर प्रमुख साहलाई झट्का

पाण्डेलाई कारबाही हुँदा महानगर प्रमुख साहलाई झट्का लाग्ने देखिन्छ । साहले प्रमुख प्रशासकीय अधिकृत गुरागाइँलाई महिनौंसम्म कार्यालयमा हाजिर गर्न रोक लगाएका थिए । निर्माणाधीन काठमाडौं भ्युटावरको नक्सा स्वीकृति गर्दा अनियमितता गरेको आरोपमा उनले गुरागाइँमाथि अवरोध सिर्जना गरेका थिए । सोही विवादका कारण गुरागाइँ गत पुस ७ गतेदेखि बिदामा बसेका थिए । उनी बिदामा बसेपछि प्रशासन प्रमुखविहीन बनेको महानगरमा तीन महिनासम्म तलब र अन्य भुक्तानी रोकिएको थियो ।

महानगर प्रमुख साहको अवरोधकाबीच गत चैत २१ गते गुरागाइँ कार्यालयमा हाजिर भएका थिए । जतिबेला उनलाई रोक्न प्रमुख साहले पाण्डे नेतृत्वको महानगर प्रहरी परिचालन गरेका थिए । गुरागाइँलाई कार्यालयमा हाजिर गराउन उपप्रमुख डंगोल, वडाध्यक्षहरू र कार्यपालिका सदस्यहरू लागेका थिए ।


### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/१०/०२ मा दर्ता भएको **प्रा.लि. नं. ५९५७१** को **युवा बिजनेश प्रा.लि.** को मिति २०८२/०२/०६ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०४/२७ मा दर्ता भएको **प्रा.लि. नं. २६७६४७** को **म्याड मञ्च फास्ट फुड प्रा.लि.** को मिति २०८२/०२/०६ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६७/१०/१४ मा दर्ता भएको **ओमेगा कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि. नं. ८००२१)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०४/३० मा दर्ता भएको **प्रा.लि. नं. ४१०६८** को **कलश ट्रेडिङ्ग प्रा.लि.** को मिति २०८२/०२/०६ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०६७/०९/३० मा दर्ता भएको **ओमेगा डेभलोपर्स प्रा.लि. (प्रा.लि. नं. ७९६११)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०६/१८ मा दर्ता भएको **प्रा.लि. नं. २००३०९** को **के. एल. एम. एन ट्रेडर्स प्रा.लि.** को मिति २०८२/०२/०६ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः हरि बाबु थापा, इजाजत पत्र नं. ४१८,**
**ठेगानाः कागेश्वरी मनोहरा-९, फोन नं. ९८४११५३१४**

### नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/१०/२४ मा दर्ता भएको **प्रा.लि.नं. ३०६६९४** को **वाइल्ड फ्लावर इन्भेष्टमेन्ट प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०२/०६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. Public Relation Officer (PRO) - 4 (Female) & 4 (Male)**

नोटः +2 Passed, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

* **समयः १० देखि ५ बजे सम्म**
* **तलबः आपसी समझदारीमा**
* **इच्छुक व्यक्तिहरुले तल दिईएको सम्पर्क नम्बर/ठेगानामा १० देखि ५ बजेसम्म सम्पर्क गर्नुहोला ।**

**SR GROUP NEPAL PVT.LTD.**
श्रम ईजाजत नं. १२५९/०७४/०७५
Airport, Sinamangal -09, Kathmandu, Nepal, Tel. No. 01-4595335/ 9814821383, Email: sroverseasnepal@gmail.com



### सुदूरपश्चिम प्रदेश सरकार
### सामाजिक विकास मन्त्रालय
### टीकापुर अस्पताल
### टीकापुर, कैलाली ।

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

**प्रथम पटक प्रकाशित मितिः२०८२/०२/०७**

मिति २०८१/१२/१२ गते प्रथम पटक प्रकाशित विद्युतीय बोलपत्र आव्हानको सूचना अनुसारको निम्न ठेक्काको आपूर्ति कार्यको लागि पर्न आएको बोलपत्र तपसिल बमोजिमको बोलपत्रदाता न्यून मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले ७(सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं. | कामको प्रकार | बोलपत्रदाताको नाम, ठेगाना तथा कबोल अंक |
|---|---|---|
| TH/Kailali/NCB/Goods/12/2081-082 | Supply, Delivery and Installation of Histopathology Slide Printer | Aayush Surgichem, Dhangadhi-Kailali<br>Rs. 47,57,300/- (With Vat) |

प्र.मे.सु.



## कुवेतमा रोजगार

कम्पनी : **PIERRE HABIB RESTAURANT COMPANY** शहर : **Kuwait**
पूर्व स्वीकृत मितिः २०८२/०२/०६ चलानी नं.: ६०२३८०८१ **LT. No.: 324176**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waitress | 0 | 3 | सम्बन्धित काममा दक्ष | 130 | ५८,०७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaning Labour -Indoor | 3 | 0 | | 90 | ४०,२०७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ १४ गते (28 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com



## साउदीमा रोजगार

कम्पनी : **DANIA ABDUL HAKIM SAEED AL-YAMANI RESTAURANT FOR SERVING MEALS**
पूर्व स्वीकृति मिति : २०८२/०२/०५ LT. No. 324088 चलानी नं. ६०२३८०७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1400 | ५१,२०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **BAB AL HIND RESTAURANT COMPANY FOR CATERING**
पूर्व स्वीकृति मिति : २०८२/०२/०५ LT. No. 324089 चलानी नं. ६०२३८०७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1500 | ५४,८६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUHASHA LINK PVT. LTD.**
License No.: 333/059/60
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,



## कुवेतमा रोजगार

कम्पनी : **HERBAL LIFE HEALTH INSTITUTE FOR WOMEN**
पूर्व स्वीकृति मिति : २०८२/०२/०६ LT. No. 324101 चलानी नं. ६०२३८१०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 20 | 150 | ६७,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Massage Therapist | 5 | 15 | 150 | ६७,०३० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Al Noor Overseas Pvt. Ltd**
श्रम ईजाजत नं. १०८८/०७३/०७४
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com



## युएइमा रोजगार

कम्पनी : **AL MAWARID ALTHAKI RECRUITMENT CO.**
पूर्व स्वीकृति मिति : २०८२/०२/०६ LT. No. 324049 चलानी नं. ६०२३८१२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 25 | 0 | 1200 | ४४,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 25 | 0 | 1200 | ४४,८२५ | | | | | | | |
| 3 | Stone Labour | 25 | 0 | 800 | २९,८८० | | | | | | | |
| 4 | Suttering Carpenter | 25 | 0 | 1200 | ४४,८२५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Broadway Overseas Employment Service Pvt. Ltd.**
Govt. License 378/059/060
Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Mobile: 9851116030, 985-1023153, 9810318569, 9851149772, 9851071774



## साउदीमा रोजगार

कम्पनी : **AL SAAD IRON FACTORY COMPANY**
पूर्व स्वीकृति मिति : २०८२/०२/०५ LT. No. 324081 चलानी नं. ६०२३८०७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 1 | 0 | 1000 | ३६,५८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Worker | 5 | 0 | 1000 | ३६,५८८ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## साउदीमा रोजगार

कम्पनी : **AZM AL-AFAQ OPERATION & MAINTENANCE COMPANY**
पूर्व स्वीकृति मिति : २०८२/०२/०६ LT. No. 324102 चलानी नं. ६०२३८०६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 5 | 0 | 1800 | ६५,८३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**GREAT NEPAL H.R PVT.LTD.**
Govt. License No. 1688/080/081
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9851254109/9705000446/9705000447
9851196857/9705000449/9851095260 E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np

# पदाधिकारीको भागबण्डामा सूचनाको हक अभियन्ता पुरस्कार

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रिय सूचना आयोगले १८औं स्थापना दिवसका अवसरमा सूचनाको हकका अभियन्ताभन्दा पनि आयोगका पदाधिकारीका आ-आफ्ना मानिसलाई पुरस्कृत गर्दा अभियन्तामा असन्तुष्टि बढेको छ ।

स्थापना दिवसका अवसरमा आयोगले वैशाख २२ गते राष्ट्रपति कार्यालयमा आयोजित कार्यक्रममा सूचनाको हकका अभियन्ताभन्दा पनि भागबण्डामा आयोगका संस्थापक प्रमुख आयुक्त विनय कसजुका नाममा स्थापना गरेको उत्कृष्ट सूचनाको हकका अभियन्ता पुरस्कार पत्रकारलाई नै वितरण गरिएको छ । आयोगमा प्रमुख सूचना आयुक्त र दुवै आयुक्त पत्रकारिता पृष्ठभूमिकै भएका कारण आ-आफ्ना मानिसलाई भागबण्डामा पुरस्कार वितरण गरिएको पुरस्कार पाउनेको सूचीबाट प्रस्ट हुन्छ ।

आयोगको स्थापना दिवसका अवसरमा वितरण गरिएको पुरस्कार सूचनाको हकमा काम गरेका अभियन्ताभन्दा पनि आयुक्तहरूले आफूनिकटका पत्रकारलाई वितरण गरेर सूचना माग्नेलाई निरुत्साहित गरेका छन् । आममानिसले सूचनाको हक भनेको पत्रकारकै हक हो भनी बुझिरहेका बेला सूचनाको हक सबै नेपाली नागरिकको मौलिक हक हो भनेर बुझाउनुपर्ने आयोगले नै नागरिक अभियन्तालाई पन्छाएर पत्रकारलाई मात्र पुरस्कृत गर्दा सूचनाको हक अभियान नै संकटमा पर्ने भएको छ । यो सूचनाको हकसम्बन्धी ऐन, २०६४ को मर्म विपरीतसमेत हो । ऐनले नागरिकले पनि सार्वजनिक सरोकार र व्यक्तिगत सरोकारका विषयमा सूचना माग्न पाउने व्यवस्था गरेको छ । तर आयोगले भने सूचना माग्न पत्रकार नै हुनुपर्छ भन्ने मान्यतालाई भागबण्डाका आधारमा स्थापित गर्न खोजेको देखिन्छ ।

आयोगले नेपाल समाचारपत्रका समाचार सम्पादक दीपक रिजाल, गोरखापत्र दैनिकका फोटो पत्रकार कविता थापा, टक्सार म्यागेजिनका सम्पादक गजेन्द्र बुढाथोकी र अभियन्ता हरिराम कोण्डालाई विनजय कसजु उत्कृष्ट सूचना अधिकारी पुरस्कार वितरण गरेको थियो । यीमध्ये कोण्डामात्र सूचना माग गरिरहने अभियन्ता भएको आयोगले विगतमा वेबसाइटमै राख्ने गरेको सूचना मागका आदेशसम्बन्धी विवरणबाट प्रस्ट हुन्छ ।




आयोगले स्थापना दिवसका अवसरमा नेपाल पत्रकार महासंघका पूर्वसभापति एवं सूचनाको हकका अभियन्ता तारानाथ दाहाललाई पनि सर्वोत्कृष्ट सूचनाको हकका अभियन्ता पुरस्कारबाट पुरस्कृत गरेको थियो । दाहाल अभियानमै सक्रिय भएका कारण उनले पुरस्कार पाएकामा कसैको विमति छैन । रिजाल, बुढाथोकी र थापाले पुरस्कार पाएकामा भने धेरैले आपत्ति जनाउन थालेका छन् । यस वर्ष आयोगले विगतमा बनेको मापदण्ड पनि मिचेर पुरस्कार वितरण गरेको हो । आयोगले विगतका वर्षमा वेबसाइटमै सूचना प्रकाशन गरेर सूचनाको हकका अभियन्तालाई फाराम भरेर आवेदन माग गर्ने गरेको थियो । यस वर्ष अभियन्ताका सन्दर्भमा त्यसरी सूचना पनि प्रकाशन गरिएन ।

सूचना अधिकारीका सन्दर्भमा भने आयोगले सूचना प्रकाशन गरेर नै आवेदन माग गरेको थियो । आयोगका पदाधिकारीले अपारदर्शी तरिकाले भागबण्डा गरेर आ-आफ्ना मानिसलाई पुरस्कार वितरण गरेको थियो । विगतको मापदण्ड संशोधन भएको हो भने त्यस्तो जानकारी पनि आयोगले सार्वजनिकरूपमा गराएको छैन । अरुलाई सूचना दिन आदेश गर्ने आयोग आफैंले भने नागरिकले पाउनुपर्ने जानकारीसमेत नदिएर अपारदर्शी भएको छ ।

आयोगका प्रमुख आयुक्त डा. सुरेश आचार्यको कोटाबाट गजेन्द्र बुढाथोकी, आयुक्त गगन विष्टको कोटाबाट दीपक रिजाल र आयुक्त दुर्गा भण्डारी पौडेलको कोटाबाट कविता थापालाई पुरस्कृत गरिएको चर्चा अहिले आयोगकै कर्मचारी वृत्तमा बहसमा रहेको छ । दाहाल र कोण्डालाई भने सामूहिक सहमतिका आधारमा पुरस्कृत गरिएको चर्चा समेत अहिले आयोगमा चलेको छ ।

आयोगमा आचार्य नेतृत्वको समूह आएदेखि नै विभिन्न विवादास्पद आदेश र गतिविधि भएको भन्दै विरोध सुरु भएको छ । आयोगको यो समूहले सामूहिकरूपमा सूचना माग गर्न पाउने सूचनाको हकसम्मबन्धी नियमावली २०६५ मा भएको व्यवस्थाविपरीत आदेश गरिरहेको छ । कानुनविपरीत काम गर्ने बानी परेकाले पुरस्कार पनि मापदण्डविपरीत दिएको भनी अहिले चर्चा हुन थालेको छ ।


### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/११/१४ मा दर्ता भएको प्रा.लि. नं. ३०७९५७ कसमस मिडिया को शेयर धनीहरुको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो ।

### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०४/१८ मा दर्ता भएको प्रा.लि. नं. १२५०६४ बिज गुरु को शेयर धनीहरुको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो ।

### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/०६/१७ मा दर्ता भएको प्रा.लि. नं. ५६७३९ लोहनी अटो को शेयर धनीको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो ।

### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/०६/०६ मा दर्ता भएको प्रा.लि. नं. १७५७८८ सुप्रिमा एण्ड बिक्रम ट्रेडर्स को शेयर धनीहरुको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो ।

### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७४/१०/२२ मा दर्ता भएको प्रा.लि. नं. १८३१८८ रायमाझी एग्रो फार्म को शेयर धनीहरुको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो ।

### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०२/१० मा दर्ता भएको प्रा.लि. नं. २९०९९७ स्पार्कलाइन सोलुसन को शेयर धनीहरुको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो ।

### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०८/०९ मा दर्ता भएको प्रा.लि. नं. २७७९३६ सारा मार्ट कोरियन फुड एण्ड शप को शेयर धनीको निर्णय बमोजिम कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनी सँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको हो ।

### काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति: २०८२/०२/०७**

खोरथली सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई सेतो पहिरो, विसौना र खोरथली चउर घाटगद्दीमा विभिन्न लट बनाई राखिएको पाटे/गोब्रे सल्ला जातको काठ १७४१२.८९ क्यु फिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजान पर्ने गरि लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति सघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटाछुट्टै सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । विस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा सम्पर्क राख्न सूचित गरिन्छ ।

**खोरथली सामुदायिक वन उपभोक्ता समूह**
**भीमेश्वर नगरपालिका वडा न ३ र ६ चरिकोट, दोलखा**

**नेपाल सरकार**
**भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भुमि व्यवस्थापन तथा अभिलेख विभाग**
**भुमि सुधार तथा मालपोत कार्यालय**
**सर्लाही, मलंगवा**
**मोही फाँट**

### ३५ दिने सार्वजनिक सूचना

गा.वि.स. हजारीया वार्ड नं. २ हाल बरहथवा न.पा. वार्ड नं. २ मा बस्ने मरु बहादुर दनुवारको हकदाबी गर्न आउने बारेको सूचना ।

उपरोक्त सम्बन्धमा जि.सर्लाही साविक गा.वि.स. मुर्तिया वार्ड नं. ४ हाल बरहथवा न.पा. वार्ड नं. २ मा बस्न वस्ने गंगा देवी को नाममा दर्ता कायम रहेको जि.स.गा.वि. हजारीया वार्ड नं.८क कि.नं. ३२४७ को क्षेत्रफल ०-१-५ जग्गाको मोही महलमा जि-सर्लाही साविक गा.वि.स. हजारीया वार्ड नं. २ हाल बरहथवा न.पा. वार्ड नं. २ मा बस्ने मरु बहादुर दनुवार को नाम उल्लेख रहेकोमा जग्गा धनीको भगुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा कार्यालयवाट मिति २०८२/१/५ गतेमा भएको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला । नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम भगुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराइन्छ । पछि तपाईको उजुर बाजुर लाग्ने छैन ।

### धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल जेठ महिना ७ गते बुधबार)

यस विकास बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**१) शाखा कार्यालय : दमौली शाखा — क) कर्जा शीर्षक : सहुलियतपूर्ण कृषि कर्जा**

**ऋणीको विवरण**

नाम : **कौतीमा मल्टी एग्रो प्रा.लि.** अख्तियार प्राप्त व्यक्ति : सुसिल पौडेल दर्ता नं. : २६१५२०/०७७/०७८
दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यलय दर्ता मिति : २०७७/१२/२५
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ११ स्थायी लेखा नं. : ६०९९९३२८८

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) बलभद्र पौडेलको नाति शंकरदेव पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **सुसिल पौडेल** (ना.प्र.नं. : ४३१०२०/१०७२२० जारी मिति र जिल्ला : २०६५/०३/१९, तनहुँ)

२) मोहननाथ पौडेलको नाति बलभद्र पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **शंकर देव पौडेल** (ना.प्र.नं. : ११५० जारी मिति र जिल्ला : २०४१/०९/२३, तनहुँ)

३) पुरुषोत्तम वाग्लेको छोरी बलभद्र पौडेलको बुहारी शंकरदेव पौडेलको पत्नी तनहुँ जिल्ला जामुने वडा नं. ४ हाल, व्यास न.पा. वडा नं. ११ **रिता वाग्ले** (ना.प्र.नं : ६७४३२, जारी मिति र जिल्ला : २०६०/०७/२४, तनहुँ)

४) बलभद्र पौडेलको नाति शंकरदेव पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **साहास पौडेल** (ना.प्र.नं. : ४३१००१/२६ जारी मिति र जिल्ला : २०६७/०३/१०, तनहुँ)

५) सोम राज न्यौपानेको छोरी शंकरदेव पौडेलको बुहारी सुसिल पौडेलको पत्नी तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ६ हाल, वडा नं. ११ **समिक्षा न्यौपाने** (ना.प्र.नं : ४३-०१-७५-०१४४१, जारी मिति र जिल्ला : २०७५/०२/०९, तनहुँ)

**ख) कर्जा शीर्षक : कृषि कर्जा**

**ऋणीको विवरण**

नाम : **पौडेल पोल्ट्री फर्म** प्रोप्राइटरको नाम : सुसिल पौडेल प्रा.फ.र.नं. : ६००७/०७४/०७५
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय, तनहुँ दर्ता मिति : २०७४/०४/१५
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ११ स्थायी लेखा नं. : ६०६३१०३८१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) बलभद्र पौडेलको नाति शंकरदेव पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **सुसिल पौडेल** (ना.प्र.नं. : ४३१०२०/१०७२२० जारी मिति र जिल्ला : २०६५/०३/१९, तनहुँ)

२) मोहननाथ पौडेलको नाति बलभद्र पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **शंकर देव पौडेल** (ना.प्र.नं. : ११५० जारी मिति र जिल्ला : २०४१/०९/२३, तनहुँ)

३) पुरुषोत्तम वाग्लेको छोरी बलभद्र पौडेलको बुहारी शंकरदेव पौडेलको पत्नी तनहुँ जिल्ला जामुने वडा नं.४ हाल, व्यास न.पा. वडा नं. ११ **रिता वाग्ले** (ना.प्र.नं : ६७४३२, जारी मिति र जिल्ला : २०६०/०७/२४, तनहुँ)

४) बलभद्र पौडेलको नाति शंकरदेव पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **साहास पौडेल** (ना.प्र.नं. : ४३१००१/२६ जारी मिति र जिल्ला : २०६७/०३/१०, तनहुँ)

५) सोम राज न्यौपानेको छोरी शंकरदेव पौडेलको बुहारी सुसिल पौडेलको पत्नी तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ६ हाल, वडा नं. ११ **समिक्षा न्यौपाने** (ना.प्र.नं : ४३-०१-७५-०१४४१, जारी मिति र जिल्ला : २०७५/०२/०९, तनहुँ)

**ग) कर्जा शीर्षक : कृषि कर्जा**

**ऋणीको विवरण**

नाम : **पौडेल फिसरिज** प्रोप्राइटरको नाम : सुसिल पौडेल
प्रा.फ.र.नं. : ६१४०/०७४/०७५
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यलय, तनहुँ दर्ता मिति : २०७४/०५/२३
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ११ स्थायी लेखा नं. : ६०६३१०३८१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) बलभद्र पौडेलको नाति शंकरदेव पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **सुसिल पौडेल** (ना.प्र.नं. : ४३१०२०/१०७२२० जारी मिति र जिल्ला : २०६५/०३/१९, तनहुँ)

२) मोहननाथ पौडेलको नाति बलभद्र पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **शंकर देव पौडेल** (ना.प्र.नं. : ११५० जारी मिति र जिल्ला : २०४१/०९/२३, तनहुँ)

३) पुरुषोत्तम वाग्लेको छोरी बलभद्र पौडेलको बुहारी शंकरदेव पौडेलको पत्नी तनहुँ जिल्ला जामुने वडा नं. ४ हाल, व्यास न.पा. वडा नं. ११ **रिता वाग्ले** (ना.प्र.नं : ६७४३२, जारी मिति र जिल्ला : २०६०/०७/२४, तनहुँ)

४) बलभद्र पौडेलको नाति शंकरदेव पौडेलको छोरा तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ४ हाल, वडा नं. ११ बस्ने **साहास पौडेल** (ना.प्र.नं. : ४३१००१/२६ जारी मिति र जिल्ला : २०६७/०३/१०, तनहुँ)

५) सोम राज न्यौपानेको छोरी शंकरदेव पौडेलको बुहारी सुसिल पौडेलको पत्नी तनहुँ जिल्ला व्यास न.पा. वडा नं. ६ हाल, वडा नं. ११ **समिक्षा न्यौपाने** (ना.प्र.नं : ४३-०१-७५-०१४४१, जारी मिति र जिल्ला : २०७५/०२/०९, तनहुँ)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
मिति २०८१/१२/०८ को सौर्य राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| शंकर देव पौडेल | तनहुँ जिल्ला फराकचौर वडा नं. ६ | ६ङ | १६९ | ४-४-०-० |
| | | | १७० | २-०-०-० |
| | तनहुँ जिल्ला फराकचौर वडा नं. ५ | ५क | ३८० | २-३-२-० |
| | | | ४६ | १०-४-३-१ |
| कौतीमा मल्टी एग्रो प्रा.लि. | तनहुँ जिल्ला फराकचौर वडा नं. ६ | ६ग | १४१ | १-०-०-० |
| | | | १४२ | ४-०-०-३ |
| | | | २८६ | २-९-१-० |
| | | | २८७ | १३-०-०-० |

**२) शाखा कार्यालय : डुम्रे तथा दमौली शाखा — क) कर्जा शिर्षक : व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा**

**ऋणीको विवरण**

नाम : **वयलकम रेष्टुरेन्ट** प्रोप्राइटर : कमल न्यौपाने प्रा.फ.र.नं. : ५०९५/०७३/०७४
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय तनहुँ, गण्डकी प्रदेश दर्ता मिति : २०७३/०४/१३
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला घाँसीकुवा वडा नं. १ स्थायी लेखा नं. : ६०५०६८५२६

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) चिरन्जिवी न्यौपानेको नाति गुणराज न्यौपानेको छोरा तनहुँ जिल्ला भानु वडा नं. ३ हाल, भानु न.पा. वडा नं. ४ बस्ने **कमल न्यौपाने** (ना.प्र.नं. : ४३१०१९/६११ जारी मिति र जिल्ला : २०६८/०७/०१, तनहुँ)

२) छविलाल न्यौपानेको नाति चिरन्जिवी न्यौपानेको छोरा लमजुङ जिल्ला चन्द्रेश्वर वडा नं. ८ हाल, तनहुँ जिल्ला भानु न.पा. वडा नं. ४ बस्ने **गुणराज न्यौपाने** (ना.प्र.नं. : ९०५९ जारी मिति र जिल्ला : २०४२/१२/२४, लमजुङ)

३) राधाकृष्ण पौडेलको छोरी चिरन्जिवी न्यौपानेको बुहारी गुणराज न्यौपानेको पत्नी लमजुङ जिल्ला चन्द्रेश्वर वडा नं. ८ हाल, तनहुँ जिल्ला भानु न.पा. वडा नं. ४ बस्ने **सरस्वती न्यौपाने** (ना.प्र.नं. : ८६१ जारी मिति र जिल्ला : २०४८/०३/३१, मनाङ)

४) विष्णु भक्त अधिकारीको छोरी गुणराज न्यौपानेको बुहारी कमल न्यौपानेको पत्नी तनहुँ जिल्ला घाँसीकुवा गा.वि.स. वडा नं. १ हाल, भानु न.पा. वडा नं. ४ बस्ने **प्रतिक्षा अधिकारी** (ना.प्र.नं. : ४३-०१-७१-०३९०७ जारी मिति र जिल्ला : २०७१/०७/२०, तनहुँ)

**ख) शाखा कार्यालय : दमौली शाखा — कर्जा शिर्षक : सुलभ व्यवसाय कर्जा**

**ऋणीको विवरण**

नाम : **सौगात एग्रोभेट सेन्टर** प्रोप्राइटर : गुणराज न्यौपाने प्रा.फ.र.नं. : १७८२/०६९/०७०
दर्ता जारी गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय, दमौली, तनहुँ
दर्ता मिति : २०६९/०४/३१ रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला बरभन्ज्याङ्ग वडा नं. ५
स्थायी लेखा नं. : ६००७४१३३२

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) छविलाल न्यौपानेको नाति चिरन्जिवी न्यौपानेको छोरा लमजुङ जिल्ला चन्द्रेश्वर वडा नं. ८ हाल, तनहुँ जिल्ला भानु न.पा. वडा नं. ४ बस्ने **गुणराज न्यौपाने** (ना.प्र.नं. : ९०५९ जारी मिति र जिल्ला : २०४२/१२/२४, लमजुङ)

२) चिरन्जिवी न्यौपानेको नाति गुणराज न्यौपानेको छोरा तनहुँ जिल्ला भानु वडा नं. ३ हाल, भानु न.पा. वडा नं. ४ बस्ने **कमल न्यौपाने** (ना.प्र.नं. : ४३१०१९/६११ जारी मिति र जिल्ला : २०६८/०७/०१, तनहुँ)

३) राधाकृष्ण पौडेलको छोरी चिरन्जिवी न्यौपानेको बुहारी गुणराज न्यौपानेको पत्नी लमजुङ जिल्ला चन्द्रेश्वर वडा नं. ८ हाल, तनहुँ जिल्ला भानु न.पा. वडा नं. ४ बस्ने **सरस्वती न्यौपाने** (ना.प्र.नं. : ८६१ जारी मिति र जिल्ला : २०४८/०३/३१, मनाङ)

४) विष्णु भक्त अधिकारीको छोरी गुणराज न्यौपानेको बुहारी कमल न्यौपानेको पत्नी तनहुँ जिल्ला घाँसीकुवा गा.वि.स. वडा नं. १ हाल, भानु न.पा. वडा नं. ४ बस्ने **प्रतिक्षा अधिकारी** (ना.प्र.नं. : ४३-०१-७१-०३९०७ जारी मिति र जिल्ला : २०७१/०७/२०, तनहुँ)

**ग) शाखा कार्यालय : डुम्रे शाखा — कर्जा शिर्षक : महिला उद्यमशिल तथा ब्याज अनुदान कर्जा**

**ऋणीको विवरण**

नाम : **सरस्वती न्यौपाने स्ट्रोर्स** प्रोप्राइटर : सरस्वती न्यौपाने प्रा.फ.र.नं. : ७१४५/०७६/०७७
दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, गण्डकी प्रदेश, दमौली, तनहुँ दर्ता मिति : २०७६/०७/२८
रजिष्टर्ड ठेगाना : तनहुँ जिल्ला भानु न.पा. वडा नं. ४ स्थायी लेखा नं.: ६१२४२०६९०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) राधाकृष्ण पौडेलको छोरी चिरन्जिवी न्यौपानेको बुहारी गुणराज न्यौपानेको पत्नी लमजुङ जिल्ला चन्द्रेश्वर वडा नं. ८ हाल, तनहुँ जिल्ला भानु न.पा. वडा नं. ४ बस्ने **सरस्वती न्यौपाने** (ना.प्र.नं. : ८६१ जारी मिति र जिल्ला : २०४८/०३/३१, मनाङ)

२) चिरन्जिवी न्यौपानेको नाति गुणराज न्यौपानेको छोरा तनहुँ जिल्ला भानु वडा नं. ३ हाल, भानु न.पा. वडा नं. ४ बस्ने **कमल न्यौपाने** (ना.प्र.नं. : ४३१०१९/६११ जारी मिति र जिल्ला : २०६८/०७/०१, तनहुँ)

३) छविलाल न्यौपानेको नाति चिरन्जिवी न्यौपानेको छोरा लमजुङ जिल्ला चन्द्रेश्वर वडा नं. ८ हाल, तनहुँ जिल्ला भानु न.पा. वडा नं. ४ बस्ने **गुणराज न्यौपाने** (ना.प्र.नं. : ९०५९ जारी मिति र जिल्ला : २०४२/१२/२४, लमजुङ)

४) विष्णु भक्त अधिकारीको छोरी गुणराज न्यौपानेको बुहारी कमल न्यौपानेको पत्नी तनहुँ जिल्ला घाँसीकुवा गा.वि.स. वडा नं. १ हाल, भानु न.पा. वडा नं. ४ बस्ने **प्रतिक्षा अधिकारी** (ना.प्र.नं. : ४३-०१-७१-०३९०७ जारी मिति र जिल्ला : २०७१/०७/२०, तनहुँ)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८०/०१/२६ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा तथा मिति २०८१/०९/२३ को आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| कमल न्यौपाने तथा सरस्वती न्यौपाने | तनहुँ जिल्ला दोरदोर वडा नं. ३ | ३क | १५८९ | ०-८-०-० |
| गुणराज न्यौपान | तनहुँ जिल्ला दोरदोर वडा नं. ३ | ३क | ३८८ | १-९-०-१ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०२/२७ गते मंगलबार ऋणी कौतीमा मल्टी एग्रो प्रा.लि., पौडेल पोल्ट्री फर्म र पौडेल फिसरिजको हकमा यस बैंकको शाखा कार्यालय दमौली तथा वयलकम रेष्टुरेन्ट, सौगात एग्रोभेट सेन्टर र सरस्वती न्यौपाने स्ट्रोर्सको हकमा यस बैंकको शाखा कार्यालय डुम्रे अथवा दमौली आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८२/०२/२८ गते बुधबार दिउसो ३:०० बजे ऋणी कौतीमा मल्टी एग्रो प्रा.लि., पौडेल पोल्ट्री फर्म र पौडेल फिसरिजको हकमा यस बैंकको शाखा कार्यालय दमौलीमा तथा वयलकम रेष्टुरेन्ट, सौगात एग्रोभेट सेन्टर र सरस्वती न्यौपाने स्ट्रोर्सको हकमा यस बैंकको शाखा कार्यालय डुम्रे अथवा दमौलीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# गभर्नरमा खुलेआम राजनीति

**सत्तारुढ दल नेपाली कांग्रेस गभर्नर नियुक्तिमा खुलेआम राजनीति भित्र्याउन सफल भएको छ । यसअघिका गभर्नर महाप्रसाद अधिकारी नियुक्तिका बेला एमालेले दाउ मारेको भन्दै कांग्रेसले यसपटक आफ्नै नेतालाई यो पद दिलाउन सफल भएको हो । गभर्नरमा आफ्नो पोल्टाको व्यक्ति ल्याउन कांग्रेसले प्रधानमन्त्री केपी शर्मा ओलीसँग झण्डै डेढ महिना पापड नै बेल्नुपर्‍यो । यो अवधिमा कांग्रेसले सत्ता छाड्नेसम्मको धम्की दिनपर्‍यो एमालेलाई ।**

**अधिकारीको पालामा एमाले नेता भएको आरोप लगाउँदै व्यंग्य कस्न भ्याएका कांग्रेस नेताहरू विभिन्न मञ्च पुगेर गभर्नरका लागि रुवाबासी नै गर्न भ्याए । यो सन्दर्भमा कांग्रेस महामन्त्री गगन थापा अग्रस्थानमा देखिए । कतिसम्म भने गभर्नर नियुक्तिमा बिचौलियाहरूको पहुँच प्रधानमन्त्री ओलीको बेडसम्मै रहेको आरोपसमेत लगाए थापाले । संस्थापनइतरका नेता डा. शेखर कोइराला, कांग्रेस प्रवक्तासमेत रहेका पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महत पनि यो विषयमा चर्कै बोल्ने नेतामा परे ।**

**देशको अर्थनीतिको केन्द्र, नोटमा हस्ताक्षर गर्ने र भावी आर्थिक नीतिको मुख्य भूमिका रहने केन्द्रीय बैंकको नेतृत्व ल्याउन यति खुलेआम राजनीति भयो कि जसले गर्दा अबका दिनमा यो पदमा जान पनि मान्छेहरू अकमकिन बाध्य हुने छन् । भलै त्यो सक्षम व्यक्ति किन नहोस् । गभर्नर बन्न अर्थनीतिको जानकार, देशको आर्थिक अवस्थाको जानकार र देशको अर्थतन्त्रलाई सही ट्र्याकमा ल्याउन सक्ने क्षमता हुनुपर्छ । तर यसअघिका गभर्नर अधिकारी यसमा लगभग असफल रहे । उनकै पालामा देश 'ग्रे लिस्ट'मा पर्‍यो । व्यवसाय डामाडोल भयो । बैंकहरूमा रकम थुप्रियो । लगानीकर्ता ऋण लिन डराए । ब्याज ह्वात्तै घट्दा पैसाको लगानी पनि घट्यो । एवं रीतले महाप्रसाद बिदा भए ।**

**महाप्रसाद उनै व्यक्ति हुन् जसलाई कांग्रेसले 'एम अधिकारी' भनेर आरोप लगाएको थियो । एमालेको आर्थिक योजना विभागको सदस्यमा एम अधिकारीको नाम आएको बेला महाप्रसाद गभर्नर थिए । यदि यो सत्य हो भने कांग्रेस अझ एक कदम अघि बढेर चितवनमा गत निर्वाचनमा आफैंले टिकट दिएको व्यक्तिलाई गभर्नर बनाउन सफल भएको छ ।**

**आफूले चाहेको व्यक्तिलाई गभर्नर बनाउन पाएकोमा कांग्रेस खुसी होला । तर देशको आर्थिक अवस्था सुधार्न भने दलीयकरणले सम्भव छैन । अर्थतन्त्र ओरालोतिर लागेकोबाट प्रस्टै भइसकेको छ । आफूलाई लोकतन्त्र र उदारवादको हिमायती ठान्ने कांग्रेसलाई अहिले लाज हुनुपर्ने हो । के अब हरेक क्षेत्रलाई यसरी राजनीतिले बिटुलो बनाउँदै लैजाने हो त ?**

## श्रम सरोकार

# विदेशमा क्याम्पमा बस्नेले ख्याल गर्नुपर्ने कुराहरु

प्रायः सबै कामदारहरूलाई विदेशमा रोजगारदाता कम्पनीहरूले क्याम्पमा राख्ने गर्दछन् । परिवारसहित रहने केही उच्चपदस्थ म्यानेजर तथा प्रोफेसनलहरूलाई भने फेमिली अपार्टमेन्ट या भिल्ला (बंगला) मा राखिएको हुन्छ । क्याम्पहरू पनि प्रायः कामदार र स्टाफ गरी दुई समूहमा केही फरक स्तर र सुविधा दिएर राखिएको हुन्छ । प्रायः सबै क्याम्पहरूमा क्याम्प बोस, सुरक्षा गार्ड तथा सरसफाइ गर्नेहरू पनि खटाइएको हुन्छ ।

खाना पनि उपलब्ध गराउने कम्पनीहरूले क्याटरिङका लागि छुट्टै व्यवस्थापन (आवश्यक जनशक्ति तथा साधन स्रोतसहित) मिलाएका हुन्छन् । क्याम्पहरूमा आफ्नै नियमहरू पनि हुन्छन् । सबै कामदारहरूले निर्धारित नियमहरूको पूर्णपालना गर्नुपर्दछ । सामान्यतया क्याम्पमा पालना गर्नुपर्ने नियमहरू यस्ता हुन्छन् :

- तोकिएको समय सीमाभित्र खाना खाने ।
- सरसफाइमा ध्यान दिने, फोहोर व्यवस्थापन गर्ने ।
- मादकपदार्थको सेवन, जुवातास या अन्य गैरकानुनी क्रियाकलाप नगर्ने ।
- कम्पनीबाहिरका आगन्तुकलाई निश्चित समयभन्दा बढी समय रहन नदिने ।
- झै-झगडा या अशान्ति पैदा नगर्ने ।
- क्याम्पभित्र राति तोकिएको समय सीमाभित्रै फर्किने ।
- धार्मिक, राजनीतिक तथा साम्प्रदायिक सद्भाव खलबलाउने क्रियाकलाप नगर्ने ।
- आफ्नो सामानको सुरक्षा आफैं गर्ने ।
- कुनै समस्या, असुविधा या सिकायत गर्नुपरे क्याम्प सुपरभाइजरलाई भन्ने ।

### दुर्घटनामा परेमा...

दुर्घटना कुनबेला हुन्छ, अनिश्चित छ । सकेसम्म दुर्घटनाबाट बच्न सतर्कता अपनाउनुपर्छ । सतर्कता अपनाउँदा पनि दुर्घटनालाई कहिलेकाहीँ टार्न सकिँदैन । सडक दुर्घटना होस् या ड्युटी गर्दागर्दै या अन्य ठाउँमा, सबैभन्दा पहिला आफ्नो कम्पनीको सिनियरलाई खबर गरिहाल्नुपर्दछ । सडक दुर्घटना हो भने स्थानीय प्रहरीलाई पनि तुरुन्तै खबर गर्नुपर्दछ साथै आफू होसमै रहेको अवस्थामा तत्काल सम्भाव्य कुनै पनि सहयोग लिई प्राथमिक उपचार, उद्धार तथा यथाशीघ्र अस्पताल पुग्ने प्रयत्न गर्नुपर्दछ । आफ्नो परिचयपत्र साथै स्थानीय प्रहरीका इमर्जेन्सी नम्बरहरू साथमा राख्नु निकै महत्त्वपूर्ण हुन्छ । गाडी चालकले गाडीको बिमा, दर्तालगायतका कागजात दुरुस्त राखेको हुनुपर्दछ ।

# मदन भण्डारीको 'जबज' सिद्धान्त र वर्तमान सान्दर्भिकता



■ मनोहर कार्की

> मदन वैचारिक सिद्धान्तकार थिए नै, 'सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हुनुपर्दछ' भन्ने उनको मान्यता थियो । साथै, 'अनुशासनविनाको स्वतन्त्रता स्वेच्छाचारी हुन्छ र स्वतन्त्रताविनाको अनुशासन निरंकुशतन्त्र हुन्छ' भन्ने मान्यतालाई उनले जोडदाररूपमा पैरवी गरे । क्रान्ति यथास्थितिको मात्रात्मक विकल्प होइन, त्यो गुणात्मक पद्धति र राज्य सञ्चालनको उत्कृष्ट अभ्यास हुनुपर्छ भन्ने मान्यता स्थापित गरे ।

नेपालको राजनीतिमा पृथक परिचय जननेता मदन भण्डारीको आयामलाई लिन सकिन्छ । कम्युनिस्ट आन्दोलनलाई नयाँ दिशाबोध दिने जनताको बहुदलीय जनवादका प्रणेताका रूपमा राजनीतिक वृत्तमा मदन परिचित नाम हो । कम्युनिस्ट आन्दोलन र त्यसका सैद्धान्तिक पाटाका विश्लेषक र सिद्धान्तकार नेता थिए उनी । कुशल संगठक, सिद्धान्तनिष्ठ र व्यावहारिक नेताका रूपमा लौलिक जीवनकालमा परिचित थिए । उनको असामयिक, स्तब्धकारी र अकल्पनीय निधनले तात्कालिक नेपालको राजनीतिमा अपुरणीय क्षति पुर्‍यायो ।

उनको जन्म २००९ असार १४ गते ताप्लेजुङको ढुंगेसाँघुमा भएको थियो । २०१५ सालमा गाउँको स्थानीय हिउँदे पाठशालाबाट औपचारिक शिक्षा आरम्भ गरेका मदन सानैदेखि तीक्ष्ण बुद्धिका थिए । राजनीति र सामाजिक रूपान्तरणमा गहिरो रुचि रहेका उनी कम्युनिस्ट चरित्र र मार्क्सवादको द्वन्द्वात्मक भौतिकवादी विचारबाट निकै प्रभावित भई तात्कालिक नेकपा मालेका उच्च नेताका रूपमा स्थापित भए । जनआन्दोलन २०४६ मा वाममोर्चाबाट सक्रिय मदन बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् तत्कालीन नेकपा माले र मनमोहन अधिकारीको नेतृत्वको नेकपा मार्क्सवादीको एकतापश्चात् गठन भएको नेकपा एमालेको शक्तिशाली महासचिव भए । लेलिनद्वारा स्थापित पहिलो मार्क्सवादी सिद्धान्तमा आधारित सोभियत कम्युनिस्ट व्यवस्था असफल भएपछिको कम्युनिस्ट आन्दोलनको रक्षात्मक अवस्थामा नेपालमा कम्युनिस्ट आन्दोलनको सिर्जनात्मक प्रयोगधर्मी र समकालिक विचारक भए । मदनले जनताको बहुदलीय जनवादको आधारशीलामा बहुलवादी राजनीतिक प्रतिस्पर्धाका राजनीतिक र सैद्धान्तिक वैचारिक मान्यता स्थापित गरे ।

प्रजातन्त्र पुनर्स्थापनाका लागि भएको जनआन्दोलन २०४६ पश्चात् बहुदलीय शासन व्यवस्था स्थापना भयो । नेपाल अधिराज्यको संविधान २०४७ नेपाली जनताले प्राप्त गरेपश्चात् सम्पन्न भएको व्यवस्थापिका संसद्को पहिलो निर्वाचनमा विजयी भई संसदीय अभ्यासमा उनको शालीन, गर्विलो र ओजस्वी उपस्थितिले नेपालको संसदीय परम्परामा छुट्टै छाप छोडेको थियो । खरिलो कम्युनिस्ट नेता भएर पनि संसदीय अभ्यास र परम्परामा प्रमुख विपक्षी दलको समन्वयकारी नेताका रूपमा उदाहरणीय रहनसक्नु आफैंमा महत्त्वको थियो । र, वैचारिक मान्यतालाई संसदीय बहसका पाटामा निकै तार्किक तथा वस्तुपरकरूपमा जनताका आवाजलाई मुखरित गर्ने मान्यतालाई उनले स्थापित गरे ।

उनले लौकिक जीवनको असामयिक मृत्युवरणअघिका दुई वर्ष संसद् सदस्य हुनुबाहेक अरु सार्वजनिक पद लिएनन् । जसका कारण उनलाई बाहिरी दुनियाँले कमै चिनेको सन्दर्भमा सन् १९९१ मा विश्वप्रसिद्ध अमेरिकी पत्रिका न्युजविकले उनको अन्तर्वार्ता प्रकाशित गर्‍यो । विरलै आउने उनको अन्तर्वार्तामध्येको थियो मदनको उक्त अन्तर्वार्ता । जसले उनका विचार, मार्क्सवादको सामयिक प्रयोग, नेपालको कम्युनिस्ट आन्दोलनका विविध आयाममा उनका सारपूर्ण विचार सम्प्रेषित भयो । उक्त ऐतिहासिक अन्तर्वार्ताको शीर्षक थियो- 'नेपालमा कार्लमार्क्स बस्नुहुन्छ' ।

उनको निधनको केही समयअघि भारतको कोलकातामा सन् १९९३ मा सम्पन्न भएको विश्वका २४ देशका कम्युनिस्ट पार्टीको सम्मेलनमा मदनको मार्क्सवादी चिन्तन र दृष्टिकोण सम्बन्धमा सारपूर्ण कार्यपत्र प्रस्तुत भएको थियो । उनको विचार २१औं शताब्दीको कम्युनिस्ट आन्दोलन र मार्क्सवादको सामयिक र व्यावहारिक धरातलमा उभिएको राजनीतिक सिद्धान्त र दर्शनका रूपमा स्थापित भयो । जनताको बहुदलीय जनवाद जसले संक्षिप्तमा जबजका रूपमा आमबुझाइको मान्यता बोकेको छ, नेकपा एमालेको राजनीतिक तथा वैचारिक सिद्धान्तका रूपमा स्थापित भएको छ ।

उनको 'जनताको बहुदलीय जनवाद (जबज)'को विचारलाई नेकपा एमालेको पाचौं राष्ट्रिय अधिवेशनले अनुमोदन गरेको थियो । नेपालको कम्युनिस्ट आन्दोलनमा जबजको विचार एक महत्त्वपूर्ण सापेक्षक विचार र राजनीतिक सिद्धान्तका रूपमा स्थापित भयो । जबज भूराजनीतिक अवस्था तथा मार्क्सवादको व्याख्यात्मक सार हो । मार्क्सवादी विचार गत्यात्मक र गतिशील विचार हो । वर्गीय विश्लेषणका द्वन्द्वात्मक मान्यता र निरन्तरको गतिशीलता नै मार्क्सवाद हो । होइन भने त्यो निकै हदसम्म जडसूत्रवादको प्रतिछायाँ मात्र रहन्छ । गतिशीलता र समग्र परिवर्तनका आयामलाई वैज्ञानिक विचारले राजनीतिक नीति र सिद्धान्तमा रूपान्तरण गर्नु नै मार्क्सवादी वैचारिक धरातल हो । यस मानेमा मदनको जबजले निकै हदसम्म न्याय गरेको छ ।

वि.सं. २०४६ सालको ऐतिहासिक जनआन्दोलन अघिपछिका राजनीतिक घटनाका विकासक्रमसँगै संयुक्त जनआन्दोलनको सफलतापश्चात् नेपालमा ३० वर्षीय निरंकुश पञ्चायती व्यवस्थाको अवसान र खुला राजनीतिक परिवेशमा बहुदलीय व्यवस्थाको पुनर्स्थापनाले नयाँ युगको थालनी भयो । तात्कालिक नेकपा मालेबाट नेकपा एमालेहुँदै दलीय राजनीतिको अभ्यासले निखारिन संघर्ष गरिरहेको पार्टीको महासचिवजस्तो प्रभावशाली नेतृत्व संम्हालेका नेता मदनले कम्युनिस्ट विचारको वैचारिक धरातलमा पृथक राजनीतिक विचार जबजलाई एमालेको विचार र मार्गदर्शक सिद्धान्तका रूपमा अघि सारे । कम्युनिस्ट आन्दोलनको वैचारिक आयामको प्रायोगिकतालाई हालको एमाले र एमालेबाट विभाजित नेकपा एकीकृत समाजवादीले पनि वैचारिक तथा सैद्धान्तिक आधारशिलाका बीउपुँजीका रूपमा ग्रहढा गर्दै आएका छन् ।

चितवनको दासढुंगामा २०५० जेठ ३ गते जननेता मदन भण्डारी तथा अर्का प्रभावशाली नेता जीवराज आश्रितको अकल्पनीय तथा स्तब्धमय निधनले सिंगो मुलुक स्तब्ध रह्यो । राजनीतिक वृत्त, मिडिया र जनमानस त्यो स्तब्धकारी घटनालाई कारुणिक परि दृश्यको दुर्घटनाका रूपमा लिइआए । त्यो क्षति सिंगो मुलुक, एमाले र कम्यनिस्ट आन्दोलनका लागि थियो । अकल्पनीय निधनको घटना कसैका लागि पनि सहज थिएन । नेपाली राजनीतिको एक नायकको इहलिला समाप्त भयो तर उनका विचार, कम्युनिस्ट सिद्धान्त तथा मुल्यको वैचारिक राजनीतिका पाटामा चीरस्थायी रहला नै । विश्व कम्युनिस्ट आन्दोलनमा उनीद्वारा प्रतिपादित जबजले फरक पहिचानसहित नयाँ उचाइ लियो । यसको प्रतिपादकका रूपमा नेपाली जनता र विश्व कम्युनिस्ट आन्दोलनको क्षेत्रमा मदन चीरस्मरणीय रहने छन् । मार्क्सवादी विचारको नवीनतम् प्रयोग, विचार र मूल्य, जनसंगठन र जनताका प्रतिनिधिमूलक संस्थाका माध्यमबाट अघि बढाउने मान्यताको प्रयोग उनले गरे । त्यो मार्क्सवादको वैज्ञानिकता र गतिशीलताको अभ्यासको निरन्तरता थियो । मार्क्सवादलाई गतिशील तथा समयानुकूल प्रयोगको आयामका रूपमा जबजको सिद्धान्त रहनसक्यो ।

जबज बहुलवाद र बहुविचारको पृष्ठभूमिमा अन्य विचार र सिद्धान्तलाई पनि प्रतिस्पर्धाको खुला राजनीतिमा बोध र स्वीकार गरियो । २०४६ को ऐतिहासिक जनआन्दोलनपश्चात् पुनर्स्थापित बहुदलीय व्यवस्था र संविधानमा व्यवस्था भएको जनताको प्रतिनिधिमूलक संस्था व्यवस्थापिका संसद् तथा तल्लो तहका स्थानीय निकायको प्रत्यक्ष निर्वाचनमा एमाले सहभागी भयो । जबजको वैचारिक धरातलमा प्रतिस्पर्धात्मक निर्वाचनमा भाग लियो । प्रतिनिधिसभा र स्थानीय निर्वाचनमा एमाले मुलुकको दोस्रो ठूलो दल राजनीतिको प्रमुख शक्तिका रूपमा स्थापित हुनसक्यो । उनको विचार र सिद्धान्तको जनस्वीकृतिका रूपमा लिन सकिन्छ ।

मदन वैचारिक सिद्धान्तकार थिए नै, 'सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त हुनुपर्दछ' भन्ने उनको मान्यता थियो । साथै, 'अनुशासनविनाको स्वतन्त्रता स्वेच्छाचारी हुन्छ र स्वतन्त्रताविनाको अनुशासन निरंकुशतन्त्र हुन्छ' भन्ने मान्यतालाई उनले जोडदाररूपमा पैरवी गरे । क्रान्ति यथास्थितिको मात्रात्मक विकल्प होइन, त्यो गुणात्मक पद्धति र राज्य सञ्चालनको उत्कृष्ट अभ्यास हुनुपर्छ भन्ने मान्यता स्थापित गरे । उनमा मास पोलिटिकल लिडरको गुण पनि कम थिएन । बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछिको पहिलो व्यवस्थापिका संसद्को निर्वाचनका दौरानमा उनको क्षमता आमनेपाली जनताले अनुभव गरेकै हुन् । समकालिक राजनीतिकवृत्तमा कुशल र प्रखर वक्ताको छवि बनाए । कुशल संगठक भएरै पञ्चायती व्यवस्थाको प्रतिकूल परिस्थितिमा पार्टी संगठन चलायमान गर्ने चुनौती थियो । राजनीतिक आयाम र परिस्थितिको मिहीन विश्लेषण क्षमताले तात्कालिक नेकपा माले र नेकपा (मार्क्सवादी) बीच एकीकरण सम्भव भयो । एकीकृत पार्टी नेकपा एमालेको महासचिवको महत्त्वपूर्ण जिम्मेवारी मदनले कुशलतापूर्वक निर्वाह गरे ।

उनलाई समाजवादी आन्दोलनलाई नयाँ शिराबाट व्याख्या र विश्लेषण गर्ने कुशल भाष्यकारका रूपमा लिन सकिन्छ । विशेषतः पश्चिमा विश्वमा आएको उदारवाद तथा खुला राजनीतिक प्रतिस्पर्धामा कम्युनिस्ट दर्शनको समाजवादी विचारलाई कसरी स्थापित गर्न सकिन्छ र तात्कालिक पूर्वी युरोपलगायत सोभियत संघको विघठन र अवसानपछि विश्व कम्युनिस्ट आन्दोलनलाई नै अवसानको दुर्गतिबाट रोक्नका लागि जबज सञ्जीवनी बन्यो । पुनर्जागरणको टड्कारो प्रतिछायाँमा नवीन वैचारिक सोपान जनताको बहुदलीय जनवाद थियो । जबजको प्रयोग र व्याख्याको व्यावहारिकता पुष्टि गर्न मदन सफल भए । कम्युनिस्टका प्रगतीशील अभियन्ताभन्दा कञ्जुस्याइँ नरहला । विचार स्वीकृत र अस्वीकृतका पाटा रहलान् । जबजको विचार नेपाली कम्युनिस्ट आन्दोलनमा अभ्यास र प्रयोगमा जीवन्त रहने छ । मार्क्सवादी चिन्तनले गतिशीलता र द्वन्द्वात्मकतालाई समेट्छ । विचार र सिद्धान्तको द्वन्द्वात्मकता, वर्गीय पहिचान मार्क्सवादको आधार हो । मार्क्सवादको प्रायोगिकताको धरातलमा जबजको व्याख्या र प्रयोग हुनुमा कसैको दुईमत नरहला । हिजो कार्लमार्क्सले पनि हेगेलको द्वन्द्ववाद र फायरबाखका भौतिकवादी सिद्धान्त र विचारलाई संश्लेषण गर्दै मार्क्सवादी कम्युनिस्ट सिद्धान्त उजिल्याएका हुन् ।

# सांसदले उठाएका सवालमा सरकारको ध्यान जाओस्



■ गोमादेवी तिमिल्सिना

राष्ट्रिय सभाको सदस्य भएको तीन वर्ष भयो । मेरो संसदीय अनुभव पहिलो हो । सभामा जाँदै गर्दा केही समय मलाई बुझ्नै लाग्यो । संसद् भनेको मुख्य गरी कानुन निर्माण गर्ने हो । प्रतिनिधिसभाबाट आएका विधेयकलाई हामीले पर्याप्त छलफल गरेर राष्ट्रिय सभाबाट पारित गर्छौं । राष्ट्रिय सभाअन्तर्गत चारवटा समिति छन् । ती समितिमा पनि सरकारले ल्याएको विधेयकको बारेमा गहिरो छलफल हुन्छ । तर, सरकार बहुमतको छ । सरकारले ल्याएका विधेयकमाथि जति छलफल भए पनि परिवर्तन हुँदैन । संसद्बाट बहुमतका आधारमा विधेयक पारित हुन्छ । म राष्ट्रिय सभाप्रति सन्तुष्ट छु । किनभने राष्ट्रिय सभा भनेको प्रतिनिधिसभाभन्दा फरक छ । राष्ट्रिय सभामा सम्बन्धित मन्त्रालय, सरोकारवाला विज्ञसँग पर्याप्त छलफल गरेरमात्रै विधेयक अगाडि बढाउने गरेका छौं ।

विकासको सवालमा राष्ट्रिय सभामा बजेटको व्यवस्था हुँदैन । तर पनि हामीले जनतासँग जोडिएका समसामयिक विषयलाई संसद्मार्फत सरकारको ध्यानाकर्षण गराउने काम गर्दै आएका छौं । राष्ट्रिय सभाको प्रादेशिक समयमा सबै सदस्यहरूले आफू निर्वाचित प्रदेश र स्थानीय तहका समस्यालाई प्राथमिकताका साथ उठाउँदै आउनुभएको छ । तर फेरि पनि मुख्य कुरा कार्यान्वयन हो । सरकारले सांसदले उठाएका विषयलाई कार्यान्वयनमा ध्यान दिएको देखिँदैन ।

अहिले देशको लागि युवा पलायन गम्भीर समस्याको रूपमा देखापरेको छ । यो बढ्दै पनि गइरहेको छ । समस्या समाधान गर्न सबैभन्दा पहिला बन्द भएका र रुग्ण अवस्थामा रहेका उद्योग सञ्चालन गर्नुपर्छ । मैले यो कुरा पटक-पटक संसद् र सार्वजनिक फोरममा उठाउँदै आएकी छु । तर मैले यता संसद्मा बोल्दै गर्दा उता सरकारले ती उद्योगलाई निजीकरणमा हालिसकेको हुन्छ । कम्तीमा संघीय सांसदले उठाएका विषयमा सरकारले छलफल गर्नुपर्ने हो । त्यो पाएको छैन ।

महिलामात्रै नभएर संविधानले बालबालिका, ज्येष्ठ नागरिक, असहाय र अपांगता भएका व्यक्तिलगायत सबैको अधिकार सुनिश्चित गरेको छ । तर, पूर्णरूपमा कार्यान्वयन हुनसकेको छैन । विशेषगरी पछाडि परेका समुदायको संवैधानिक अधिकार कार्यान्वयन गर्न सरकारले कोसिस नै गरेको छैन । महिलाको सवालमा सहभागिताको हिसाबले संसद्मा ३३ प्रतिशत महिलाको सहभागिता भएको छ । योसँगै आर्थिक, सामाजिकलगायत महिलाको संवैधानिक अधिकारलाई व्यवहारिकरूपमै पूर्णमा कार्यान्वयन गर्नुपर्छ ।

अर्को महिला हिंसाको सवाल छ । महिलामात्रै होइन, पुरुष पनि हिंसामा परेका छन् । बालिका र वृद्धा पनि हिंसाको जोखिममा पर्ने गरेका छन् । अपांगता भएका किशोरी वा बालिका पनि हिंसाको सिकार हुने गरेका छन् । हामीले सबैखालका हिंसाको अन्त्य गर्न जरुरी छ । यसका लागि मुख्य भनेको कडा कानुन बनाएर प्रभावकारी कार्यान्वयन गर्दै नीतिगत प्रतिकार गर्नुपर्छ । अर्को, सचेतना पनि आवश्यक छ ।

संविधान संशोधन हुनुभन्दा पहिला कार्यान्वयन जरुरी छ । संविधान कार्यान्वयन गर्दैगर्दा संशोधन गर्नुपर्ने आवश्यकता भएको खण्डमा संशोधन गर्नुपर्ने हुन्छ । तर संविधानको पूर्णकार्यान्वयन हुन सकेको छैन । मुख्य कुरा, सरकारले महिला, बालबालिका वा पछाडि परेका समुदायको हितमा अधिकारलाई कार्यान्वयन गर्नुपर्छ ।

अहिले नेपाली कांग्रेस र नेकपा एमाले दुई ठूला पार्टीको सरकार छ । तर, सरकारमा दुई जनामात्रै महिला मन्त्री छन् । एक जना 'क्याविनेट' मन्त्री, अर्को राज्यमन्त्री । मन्त्रिपरिषद्लाई महिलासहितको समावेशी बनाउनका लागि सबैभन्दा लोकतान्त्रिक भनिएको पार्टी कांग्रेस र क्रान्तिकारी भनिएको पार्टी एमालेले विचार गर्नुपर्ने हो । तर उनीहरूको त्यसतर्फ ध्यान पुगेको छैन । त्यसकारण मन्त्रिपरिषद्लाई महिलासहितको समावेशी बनाउन संवैधानिक व्यवस्था हुनुपर्छ ।

ऐन/कानुन र नीति बनाएर कार्यान्वयन गर्नुपर्छ । अर्को कुरा, महिला नेत्रीले आ-आफ्नो पार्टीभित्र महिला सहभागिताको विषयलाई प्राथमिकताका साथ उठाउनुपर्छ । पार्टीभित्र आफ्नो निम्ति अधिकार खोज्नुपर्छ । हाम्रो पार्टी राष्ट्रिय पार्टी बन्न सकेन । तर हामी सानो पार्टी भए पनि संसद्मा सशक्त छौं । हामीलाई सानो पार्टी भनेर कहिलेकाहीँ तुच्छ रूपमा पनि हेर्ने र अपहेलना गरेको जस्तो लाग्छ । तर, यथार्थ त्यस्तो होइन । हामी कोहीभन्दा कम छैनौं ।

एकातिर संघीयता हटाउनुपर्छ भन्ने पनि सुनिन्छ भने अर्कोतिर संघीयताको आकार सानो बनाउनुपर्छ भन्ने पनि सुनिँदै आएको छ । अर्को कुरा, यो संघीयतालाई अझै सुधारेर लैजानुपर्छ भन्ने पनि बहस छ । सबैभन्दा पहिला संघीय, प्रदेश र स्थानीय तहले इमान्दारिताका साथ काम गर्नुपर्छ । तीनै तहका सरकारले विनास्वार्थ काम गरेको खण्डमा संघीयता आफैं बलियो हुन्छ । वडाध्यक्षदेखि प्रधानमन्त्रीसम्मले निश्कलंक भएर काम गर्नुपर्छ ।

आफ्नो प्रदेशभित्रका, आफ्नो पालिका र वडाभित्रका जनतालाई कसरी सर्वसुलभ सेवा दिने भन्नेबारेमा सोच्न जरुरी छ । खालि एउटा सरकारले अर्को सरकारलाई दोषारोपण गरेरमात्रै हुँदैन । सबैले आ-आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ । अनिमात्रै संघीयता बलियो हुन्छ ।

*(राष्ट्रिय सभा सदस्य तिमिल्सिनासँग राससले गरेको कुराकानीमा आधारित)*

# बसाइँसराइले सुनसान बन्दै जैमिनीका ग्रमीण बस्ती

## दुई वर्षमा ४८२ परिवारले छाडे गाउँ

**ढोरपाटन (बागलुङ)–** बढ्दो बसाइँसराइका कारण बागलुङको जैमिनी नगरपालिकाका ग्रामीण बस्ती सुनसान बन्दै गएका छन् । धमाधम स्थानीयले गाउँ छाड्न थालेपछि खेतीयोग्य जमिन बाँझिँदै गएका छन् भने घर जीर्ण बन्दै गएका छन् । सेवासुविधाको खोजीमा गाउँबाट सहरबजार झर्ने प्रचलन बढेको हो । जिल्लामै सबैभन्दा बढी बसाइँसराइ हुने पालिकाका रूपमा जैमिनीलाई लिइन्छ ।



जैमिनीबाट पछिल्लो दुई वर्षमा ४८२ घरपरिवारका एक हजार ७० ९ जनाले गाउँ छाडेका छन् । वि.सं. २०८० मा २६३ घरपरिवारका ९४७ जनाले बसाइँसराइ गरेका छन् भने २०८१ मा २१९ घर परिवारबाट ७६२ जनाले गाउँ छाडेका छन् । दुई वर्षको अवधिमा २६ घरपरिवारका ८६ जना बाहिरबाट जैमिनी आएको नगरपालिकाले जनाएको छ । वि.सं. २०८० मा नौ परिवारका ४२ जना आए र २०८१ मा १७ परिवारका ४४ जना जैमिनी आएका छन् ।

नगरपालिकाका पञ्जिकरण शाखा प्रमुख ताराप्रसाद पौडेलका अनुसार सबैभन्दा बढी वडा नम्बर ८ र कम वडा नम्बर ६ बाट बसाइँसराइ भएको छ । वडा नम्बर ८ बाट दुई वर्षको अवधिमा १०७ घर परिवारबाट ४०३ जनाले बसाइँ सरेको पौडेलले जानकारी दिए । उनका अनुसार वडा नम्बर १ बाट ४२ घरका १५७, वडा नम्बर २ बाट ७७ घरका २५८, वडा नम्बर ३ बाट ३४ घरका १०० र वडा नम्बर ४ बाट ५२ घरका १९१ जनाले बसाइँसराइ गरेका छन् ।

यस्तै वडा नम्बर ५ बाट २४ घरका ८३, वडा नम्बर ६ बाट १४ घरका ५५, वडा नम्बर ७ बाट ५४ घरका १८६, वडा नम्बर ९ बाट ३९ घरका १२९ र वडा नम्बर १० बाट ३९ घरका १४७ जनाले बसाइँसराइ गरेको पौडेलले बताए । जैमिनीबाट बसाइँसराइ गरेर अधिकांश चितवन, नवलपरासी र बुटवलमा गएको उनको भनाइ छ ।

नगर उपप्रमुख हरिहर शर्माले बसाइँसराइ रोक्नका लागि स्थानीयलाई गाउँमै उद्यमी बनाउने र आत्मनिर्भर बनाउने खालका कार्यक्रम सञ्चालन गरिरहेको बताए । बस्तीबस्तीसम्म सडक, खानेपानी, विद्युत्, स्वास्थ्य, शिक्षा क्षेत्रको विकास गरेको उनको भनाइ छ । गाउँमा ठूलो सम्भावना हुँदाहुँदै पनि धेरैले सहर बजार रोज्ने गरेको शर्मा बताउँछन् ।

उनले भने, 'मानिसका चाहना असीमित हुन्छन्, स्थानीय सरकारले गर्नसक्ने विकास गरिरहेका छौं, पर्याप्त नहोला तर गाउँमा पहिलेको जस्तो विकास नपुगेको भन्ने छैन, जताततै अहिले गाडी गुड्छन्, खानेपानीको सुविधा छ, शिक्षा र स्वास्थ्य क्षेत्रमा पनि ठूलो लगानी गरेका छौं, हुने खानेहरू धेरैले सहर बजार रोज्न थाले, तर गाउँमा भएकालाई गुणस्तरीय सेवा प्रदान गर्न हामी प्रतिबद्ध छौं, नागरिकलाई उद्यमी बनाने र आय आर्जनसँग जोड्ने खालका कार्यक्रम पनि चलाइरहेका छौं ।' *रासस*

# सामुदायिक विद्यालयमा निःशुल्क आवासीय सुविधा

**म्याग्दी–** बेनी नगरपालिका-५ मा रहेको डिम्ब आधारभूत विद्यालयले निःशुल्क आवासीय सुविधा उपलब्ध गराउन थालेको छ । आर्थिक रूपमा विपन्न, गरिब र घर टाढा भएका विद्यार्थीहरूलाई विद्यालयमै खानेबस्ने सुविधा उपलब्ध गराएको हो । निःशुल्क आवासीय सुविधा भएपछि विद्यार्थी संख्या दोब्बरले वृद्धि भएको विद्यालयका प्रधानाध्यापक नारायण पौडेलले बताए ।

'एकातर्फ विद्यार्थी संख्या न्यून भएर विद्यालयको कक्षा घटुवा हुने अर्कोतर्फ विद्यालय उमेर समूहका विद्यार्थीहरू गरिबीका कारण पढ्न नपाउने समस्या देखिएपछि आन्तरिक स्रोत जुटाएर नयाँ शैक्षिकसत्रको सुरूसँगै आवासीय सुविधा दिन थालिएको हो,' उनले भने, 'यसअघि जम्मा १४ जना विद्यार्थी भएकामा आवासीय सुविधा सञ्चालन गरेपछि विद्यार्थी संख्या बढेर २८ जना पुगेको छ ।'

भर्ना अभियान जारी रहेकाले अन्त्यसम्म विद्यार्थी संख्या बढ्ने प्रअ पौडेलले बताए । चिप्लेटीका साथै छिमेकी नयाँगाउँ, गान्धे, पैंयुपाटा, डाँडाखेत, थामडाँडा, ज्यामिरेका २५ जना विद्यार्थी छात्रावासमा बस्न थालेका छन् ।

विद्यालय भवनको कक्षाकोठामा फर्निचर गरेर विद्यार्थीहरूलाई सुत्ने व्यवस्था मिलाइएको छ । छात्रावासमा बस्ने विद्यार्थीलाई बिहान-बेलुकीको खाना, पोसाक, झोला, शैक्षिक सामग्री, जुत्ता उपलब्ध गराइएको छ । शिक्षकहरूले दैनिक रूपमा पालो गरेर छात्रावासका विद्यार्थीको हेरचाह र रेखदेख गर्ने जिम्मेवारी लिएका छन् । निजी स्रोतका एकजना शिक्षिकालाई थप सुविधा दिएर खाना पकाउने जिम्मेवारी दिएको प्रअ पौडेलले बताए ।

विद्यालयको आन्तरिक कोषबाट छात्रावासको फर्निचर, लत्ताकपडा र खाद्यान्न व्यवस्थापन गरिएको छ । छात्रावासमा बस्ने बालबालिकाहरूमध्ये अधिकांश विपन्न र दलित समुदायका छन् । 'पढाइमा राम्रो भएका बालबालिकाहरू पनि अभिभावकको गरिबीका कारण भोकै विद्यालय आउने र दिवा खाजाको भरमा दिन काट्नुपर्ने दयनीय अवस्था भएपछि छात्रावास सञ्चालन गर्ने निष्कर्षमा पुगेका हौं,' पौडलले भने, 'घरको काममा अभिभावकलाई सघाउनुपर्दा गृहकार्य गर्न नपाउने र विद्यालय नै छोड्नुपर्ने अवस्था हटाउन विद्यालयमै राखेर पढाउने व्यवस्था मिलाएका छौं ।'

चुनौतीपूर्ण भए पनि छात्रावास सञ्चालनका लागि बेनी नगरपालिका, समुदाय र दाताहरूबाट सहयोग पाएमा निरन्तरता दिन सकिने प्रअ पौडेलको भनाइ छ । कक्षा ५ सम्मको पठनपाठन हुने उक्त विद्यालयमा पछिल्लो समय विद्यार्थीको संख्या घट्दै गएपछि बेनी नगरपालिकाले कक्षा घटुवाको तयारी गरेको थियो । *रासस*

# एकै परिवारका छ जनाले गरे मकालु हिमाल आरोहण

**संखुवासभा (प्रस)–** जिल्लाको मकालु गाउँपालिका-२ का एकै परिवारका छ जनाले मकालु हिमाल आरोहण गरेका छन् ।

मकालु गाउँपालिका-२ का चार दाजुभाइ, एक बहिनी र एक छोरीले विश्वको पाँचौं अग्लो आठ हजार ४८५ मिटरको मकालु हिमाल आरोहण गरेका हुन् । विश्व कीर्तिमानका लागि मकालु-२ का ङिमाओङ्जुक शेर्पाका चार छोरा, एक छोरी र एक नातिनीले गत वैशाख २६ मा मकालु हिमाल आरोहण गरेको आरोही दलका सदस्य मुक्टुकलाक्पा शेर्पाले जानकारी दिए ।



कीर्तिमानीका लागि मुक्कुट, उनका भाइहरू ङिमादोर्ची शेर्पा, आङडी शेर्पा, पेछुम्वे शेर्पा, बहिनी पासाङ शेर्पा र २३ वर्षीया एनिमा शेर्पाले एकसाथ आरोहण गरेका हुन् ।

'एउटै बुबाआमाका पाँच छोराछोरीसहित छ जनाले आरोहण गरेर कीर्तिमानी राख्ने हाम्रो परिवार पहिलो भएको छ,' बहिनी पासाङयाङ्जीले भनिन्, 'भदैनी २३ वर्षीया एनिमा मकालु हिमाल आरोहीमध्ये हालसम्मै कान्छी महिला भएको हाम्रो दाबी छ ।'

एकैसाथ आरोहण गरेर कीर्तिमान राखेको भन्दै उक्त परिवारलाई मकालु गाउँपालिका, नेपाल पत्रकार महासंघ संखुवासभा र शेर्पा संघले सम्मानसमेत गरेको छ ।


## हरिहरपुरगढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
झनझने, सिन्धुली
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सद्रचना प्रकाशन मितिः २०८२/०२/०७**

हरिहरपुरगढी गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/०१/०५ गते प्रकाशित Procurement of Medicine Items (ठेक्का नं. १०/२०८१/८२/HRM) को बोलपत्र आह्वान सूचना भए अनुसार तोकिएको समयभित्र तीन (३) वटा बोलपत्रदाताहरूले बोलपत्र पेश गरेको तथा मिति २०८२/०१/३१ गते बसेको मूल्यांकन समितिको सिफारिस साथै यस कार्यालयको मिति २०८२/०२/०६ को निर्णयानुसार तपसिलमा उल्लेखित बोलपत्रदाता न्यूनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४, को नियम ८४ उपनियम ११ बमोजिम सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

| ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क ( भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|
| १०/२०८१/८२/ HRM | Procurement of Medicine Items | भिमदेवी मेडिसिन सप्लायर्स प्रा. लि. | ३८,०६,२१९.३० | |

**प्रमुख प्रशासकिय अधिकृत**



## Belauri Municipality
### Office Of the Municipal Executive
Belauri , Kanchanpur
Sudurpaschim Province, Nepal

**Invitation for Bids**

**Invitation for Bids No.: BELMUN/NCB/T/081/082-07**
**Date of publication: 21-05-2025 10:00**

1. Belauri Municipality invites electronic bids from Nepalese eligible bidders for the Construction of Shiva Temple Ward No.1 Fatiya National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 2511428.42 (Exclusive of VAT & Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Belauri Municipality Kanchanpur, belaurimunicipality@gmail.com, 099-580215 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders, submitting their bid electronically, should deposit the cost (Rs 3000) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastriya Banijya Bank  Name of Office: **Belauri Municipality**
   Office Code no. :801077604  Office Account no.: 4390100301010002
   Rajaswa (revenue) Shirshak no.: BELAURI NA.PA. (GA-1-1)
4. Electronic bids must be submitted through PPMO website on 20-06-2025 13:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **20-06-2025 14:00** at the office of Belauri Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **Rs. 84000.** Nrs which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



## बहुदरमाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बहुअरी पिडरी, पर्सा
मधेश प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मितिः २०८२/०२/०७**

उपरोक्त सम्बन्धमा मिति २०८१/११/१२ गतेमा प्रकाशित बोलपत्र मांगको सूचना अनुसार पर्न आएको बोलपत्र मध्ये सबैभन्दा न्यून्तम् कबोल गर्ने सारभूत रूपमा प्रभावग्राही तपसिल बमोजिमको बोलपत्र स्वीकृतको लागि छनोट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको लागि यो ७ दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं | ठेक्का नं. | विवरण | बोल पत्रदाताको नाम र ठेगाना | न्युन्तम कबोल अंक रकम भ्याट र पि.एस समेत | कैफियत |
|---|---|---|---|---|---|
| १ | BM/NCB/WORKS/ २०८१/०८२/०१ | बहुदरमाई नगरपालिका भरि खानेपानी धारा जडान तथा बितरण कार्य | श्री निर्माण सेवा, कलैया -८ बारा | ९३,२४,५५१।१३ | |

**प्रमुख प्रशासकीय अधिकृत**



## सुदूर पश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
### सामाजिक विकास कार्यालय
कन्चनपुर

**E-Bidding मार्फत बोलपत्र आह्वान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०२/०७**

यस कार्यालयको आ.व. २०८१/८२ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत तपशिलका निर्माण कार्य गर्नु पर्ने भएको हुँदा इच्छुक र इजाजत प्राप्त फर्म र कम्पनीले रितपूर्वक बोलपत्र पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ र बिस्तृत जानकारीको लागि website : bolpatra.gov.np/egp हेर्न सकिनेछ ।

| ठेक्का संकेत न. | कामको विवरण | कबोल अंक (मु.अ. कर र पी.एस. सहित) |
|---|---|---|
| SDO/Kan/SQ/ Works/05/2081-082 | Samaj kalyan Anchal Bal Anathalaya, 4 room hostel building, Bhimdatt municipality – 04, Kanchanpur | RS. 19,30,646.03/ |

**कार्यालय प्रमुख**

# प्रभाव दैनिक

बुधबार, ०७ जेठ, २०८२ (Wednesday, May 21, 2025)


## रूपशाला

### 'द ब्ल्यु लाइट' निर्माणको घोषणा

चलचित्र 'द ब्ल्यु लाइट' निर्माणको घोषणा भएको छ । मंगलबार निर्माण पक्षले थिम पोस्टर सार्वजनिक गर्दै चलचित्र निर्माणको घोषणा गरेको हो । चलचित्र बलिराम चौहानले निर्देशन गर्दै छन् । यसै फिल्मबाट चौहानले निर्देशन डेब्यु गर्न लागेका हुन् । चौहान प्रदर्शनको पर्खाइमा रहेको चलचित्र 'बलिदान'का लेखक तथा मुख्य सहायक निर्देशक हुन् । स्काइफल पिक्चर्सको प्रस्तुति रहने 'द ब्ल्यू लाइट'को को-प्रोडुसरको रूपमा रमन ग्रे रहनेछन् । 'द ब्ल्यु लाइट'लाई नरेन्द्र मैनालीले खिच्नेछन् । 'द ब्ल्यु लाइट' सन् २०२५ भित्रै रिलिज हुने निर्देशक चौहानले बताए ।




# १२औं म्युजिक खबर अवार्डको सम्मान घोषणा




**काठमाडौं (प्रस)**– म्युजिक खबर म्युजिकअवार्डको १२औं संस्करणमा दिइने सम्मान तथा पुरस्कारको घोषणा गरिएको छ । म्यूजिक खबरका सल्लाहकार, आयोजक, संगीतकर्मीबीच छलफल गरी आगामी जेठ २३ गते हुने अवार्डको फाइनल कार्यक्रममा दिइने सम्मान तथा पुरस्कारका लागि छनोट भएका नामहरू सार्वजनिक गरिएको हो ।

म्युजिक अवार्ड कार्यक्रममा बिशिष्ट गीतकार यादव खरेललाई म्युजिक खबर दीर्घ साधना सम्मान-२०८१ अर्पण गरिने निर्णय भएको कार्यक्रम संयोजक सबिता पोखरेलले जानकारी दिइन् । खरेलका गैरी खेतको शीरै हान्यो, चैतमास खडेरीमा, यस्तो पनि हुँदो रैछ जस्ता सयौं गीत चर्चित र कालजयी छन् । गीतकार खरेललाई ५१ हजार नगद राशीसहित दीर्घ साधना सम्मान अर्पण गरिने संयोजक पोखरेलले बताइन् ।

त्यस्तै, यस वर्षको म्युजिक खबर रजत संगीत सम्मान-२०८१ गायक तिलकसिंह पेलालाई प्रदान गरिने भएको छ । रेडियो नेपाल हुँदै हालसम्म पनि उनको संगीत तथा स्वरमा दर्जनौं गीतहरू रेकर्ड भएका छन् । लुकाउन खोज्दा पनि, के लत बस्यो मलाई, हेर दिन ढल्यो, कथा एउटै, पलपल, निर्जन किनार, तिम्रो याद, कहानी बनेन केही लगायतका गीत तथा गजलहरूमा उनको स्वर सुन्न सकिन्छ ।

त्यस्तै, यस वर्षको म्युजिक खबर दशक संगीत सम्मान-२०८१ बाट गायक खुमन अधिकारी र गायिका जुनु रिजाल काफ्लेलाई अर्पण गरिने भएको आयोजकले जनाएको छ । गायक अधिकारीले १० हजार बढी गीतमा स्वर दिएका छन् । उनले स्वर भरेका 'मनको देउतैले', 'जोर शंख फुकेर', 'बिन्ती मेरो कोटी कोटीमा', 'रुमाल चिनो लैजाउ बैनालाई', 'एउटै डोरी पासो लगाम भो', 'सिलाइ दिउँला भोटो', 'स्याङ्जालीलाई नभन जाली', लगायतका थुप्रै गीतहरू लोकप्रिय छन् । त्यस्तै, गायिका जुनु रिजालका फूल मन्जरी, न दोष तिम्रो न दोष मेरो, ड्राइभर दाइ, के नै भन्नु छ र अब, डाँफेझैं नाच्ने, के होला उनको नाउँ, लुकी लुकी, बनचौंरी लगायतका गीतहरू लोकप्रिय छन् । गायक खुमन अधिकारी र गायिका जुनु रिजाललाई 'म्यूजिक खबरदशक संगीत सम्मान' अर्पण गर्ने निर्णय भएको छ ।

यस्तै, यो वर्षको म्युजिक खबर युवा संगीत सम्मान गायिका मिना लामालाई अर्पण गर्ने निर्णय गरेको छ । गायिका लामाले लोक गायन तथा आधुनिक संगीतमा सयौं गीतमा स्वर तथा संगीत गरिसकेकी छन् ।

त्यस्तै, यस वर्षको म्यूजिक खबर संगीत पत्रकारिता पुरस्कार पत्रकार एमपी सुब्बा र दिपाञ्जली शाहलाई अर्पण गरिन लागिएको छ । दुई दशकभन्दा बढी समयदेखि पत्रकारितामा संलग्न रहेका पत्रकार सुब्बा दृष्टिन्युज तथा साप्ताहिकमा कार्यकारी सम्पादकको जिम्मेवारी सम्हाल्दै आएका छन् । यस्तै पत्रकार शाह हाल कान्तिपुर ग्रुपसँग आवद्ध छन् , उनी दुबै जनालाई नगद राशि ५हजार ५ सय ५५ नगद राशिसहित सम्मान अर्पण गरिने भएको छ ।

त्यस्तै, यस वर्षको बालप्रतिभा प्रोत्साहन सम्मान बालगायिका पुजा देवकोटालाई अर्पण गरिन लागिएको छ । गायिका देवकोटाले सानै उमेरमा गायनमा रुची राखी संगीत क्षेत्रमा चालेको यात्रालाई प्रोत्साहन गर्ने उद्देश्यले सम्मान गर्न लागिएको हो ।

म्यूजिक खबर डायस्पोरा संगीत सम्मान गीतकार डा.रमिल अधिकारीलाई अर्पण गरिने भएको छ । लामोसमयदेखि गीतिलेखनमा सक्रिय रहेका गीतकार अधिकारी न्यूजिल्याण्डमा कार्यरत छन् । यसैगरि म्यूजिक खबर फोटो पत्रकारिता पुरस्कार-२०८१ फोटोपत्रकार प्रदिपराज वन्तलाई अर्पण गरिने भएको छ । राष्ट्रिय् समाचार समितिमा आवद्ध उनले खिचेका फोटोहरू नेपालका राष्ट्रिय छापा तथा अनलाईन मिडियामा प्रकाशित हुँदै आएको छ ।

फोटो पत्रकारहरूको संस्था एनएपीजेका अध्यक्षसमेत रहको वन्तलाई म्यूजिक खबर फोटो पत्रकारिता पुरस्कार-२०८१ अर्पण गरिने आयोजकले जनाएको छ । त्यसैगरी संगीत क्षेत्रमा व्यवसायिक रूपमा क्रियाशील विमल शाहलाई म्यूजिक खबर संगीत व्यवसायी सम्मान अर्पण गरिने भएको छ । पशुपति हारमोनियम बिक्री तथा मर्मत केन्द्र संचालन गर्दै आएका विमलले नेपालमै हारमोनियमको उत्पादन तथा मर्मत गर्दै आएका छन् । विमल शाहलाई म्युजिक खबर संगीत व्यवसायी सम्मान अर्पण गर्न लागिएको हो ।

विगत १२ वर्षदेखि आयोजना हुँदै आएको म्यूजिक खबर म्यूजिक अवार्ड कार्यक्रमका निर्देशक बरिष्ठ पत्रकार एवं गीतकार शान्तिप्रिय हुन् । सुमन पण्डित अध्यक्ष रहेको अवार्ड कार्यक्रमकी संयोजक सविता पोखरेल रहेकी छन् । भेलामा वरिष्ठ कलाकार, निर्देशक, हाल चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौला, बरिष्ठ गायक, संगीतकार नारायण रायमाझी, वरिष्ठ कलाकार एवं निर्देशक हाल चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसी, वरिष्ठ साहित्यकार राधेश्याम लेकाली, वरिष्ठ गायिका देविका बन्दना, सांस्कृतिक प्रवर्द्धक तथा वरिष्ठ संगीतकर्मी आरसी कोइराला, वरिष्ठ संगीतकर्मी उज्ज्वलजंग ठकुरी, वरिष्ठ गायक चन्द्र शर्मा, बरिष्ठ अधिबक्ता एवं गीतकार राम भट्टराई, संगीतकार सन्तोष श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

# पर्यटन बोर्डमा 'कुन्डलिनी' चित्रकला प्रदर्शनी

■ प्रभाव संवाददाता

**काठमाडौं**– नेपाल पर्यटन बोर्डको नियमित 'फोटो-नेपाल' प्रदर्शनी कार्यक्रमअन्तर्गत 'कुन्डलिनी-२' शीर्षकमा एकल चित्रकला प्रदर्शनी तथा 'कुन्डलिनी योग' पुस्तकको लोकार्पण गरिएको छ । बोर्ड परिसरमा संस्कृति, पर्यटन तथा नागरिक उ•यनमन्त्री बद्रीप्रसाद पाण्डेको प्रमुख आतिथ्यमा ती दुवै कार्यक्रम भएका हुन् ।

चित्रकार भीमप्रसाद शर्माको यो १३औं एकल चित्रकला प्रदर्शनी हो । कार्यक्रममा नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छाली, राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मालगायत विशिष्ट अतिथिहरूको उपस्थिति थियो ।

उक्त अवसरमा पर्यटनमन्त्री पाण्डेले सिर्जनात्मक प्रदर्शनीहरूले कला, संस्कृति र पर्यटन प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने बताए । उनले यस्ता रचनात्मक कार्यक्रमलाई निरन्तरता दिएकामा बोर्डको प्रशंसा गर्दै कला, संस्कृति र सांस्कृतिक सम्पदाको जगेर्नामा सबैको सहकार्य र सक्रियता आवश्यक पर्ने उल्लेख गरे ।

बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले पर्यटन बोर्डले आगामी दिनमा कलाकार र फोटोग्राफरहरूसँग सहकार्य गरी मुलुकको पर्यटन प्रवर्द्धनलाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाए । यही जेठ १० गतेसम्म हुने प्रदर्शनी अवलोकन गर्न निःशुल्क रूपमा सर्वसाधारणका लागि खुला रहनेछ ।

बोर्डले सञ्चालन गर्दै आएको फोटो-नेपाल अभियानअन्तर्गत बोर्डको पोर्टलमा मासिक फोटो प्रतियोगितासमेत जारी छ । यस प्रतियोगितामा हरेक महिनाका उत्कृष्ट तीन तस्वीरलाई जनही रु २५ हजार नगद पुरस्कार प्रदान गरिने बोर्डले जनाएको छ ।

नेपालका हिमाल, सांस्कृतिक सम्पदा, प्राकृतिक सौन्दर्य, उजागर नभएका र प्रचार नपुगेका गन्तव्यहरू समेटिएका तस्वीर पठाउन बोर्डले देशविदेशका फोटोग्राफरलाई आह्वान गरेको छ । बोर्डले सन् २०१६ फेब्रुअरीदेखि सुरु गरेको 'फोटो-नेपाल' अभियानअन्तर्गत हालसम्म एक सय भन्दाबढी कला तथा फोटो प्रदर्शनीहरू सफलतापूर्वक सम्पन्न गरिसकेका छन् ।

## रंगशाला

### सूर्य नेपाल च्यालेन्ज

# शुक्र र भुवन संयुक्तरूपमा शीर्षस्थानमा

■ प्रभाव संवाददाता




**काठमाडौं**– सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गतको सातौं प्रतियोगिता सूर्य नेपाल च्यालेन्जको पहिलो दिन पूर्व नम्बर एक गल्फर शुक्र बहादुर राई र भुवन कुमार रोक्का संयुक्तरूपमा शीर्षस्थानमा रहन सफल भएका छन् ।

पार-६८ को रोयल नेपाल गल्फ क्लबमा शुक्र र भुवनले आज ७-अन्डर ६१ को उत्कृष्ट स्कोर बनाए । उनीहरूले दिनेश प्रजापतिलाई ३ स्ट्रोकले पछि पारे ।

तेस्रो स्थानमा रहेका दिनेशले ४-अन्डर ६४ को स्कोर जोडे । नेपाल नम्बर एक भुवन नगरकोटी ३-अन्डर ६५ सहित चौथो र रामे मगर २-अन्डर ६६ को स्कोरमा पाँचौं स्थानमा रहेका छन् । १-अन्डर ६७ को स्कोरमा प्रदीप कुमार लामा, दीपक मगर, निरज तामाङ, जयराम श्रेष्ठ र साबिक विजेता रवि खड्काले संयुक्तरूपमा छैटौं स्थान बाँडे ।

चोटमुक्त भएर करिब दुई वर्षपछि घरेलु टुरमा फर्किएका शुक्रले सानदार पुनरागमन गरे । बोगी रहित कार्ड बनाउने क्रममा तेस्रो र चौथो होलको बर्डीले फ्रन्ट नाइन २-अन्डर ३२ मा सकाए । ब्याक नाइनमा सानदार प्रदर्शनका साथ १०औं र ११औं तथा यसपछि १३औं देखि १५औं होलमा लगातार तीन बर्डी प्रहार गरे । कुल ५ बर्डीले ब्याक नाइन ५-अन्डर २९ मा पुरा गरे ।

भुवन कुमार रोक्काले प्रभावशाली प्रदर्शनकासाथ फ्रन्ट नाइनमा ५-अन्डर २९ को नतिजा निकाले । उनले पहिलो, चौथो, छैटौं, सातौं र आठौं होलमा बर्डीको सफलता गरे । यसपछि १०औं, १३औं र १४औं होलमा एक-एक सट बचाए । १६औं होलको बोगीले ब्याक नाइन २-अन्डर ३२ मा पुरा गरे ।

एमेच्योरतर्फ फुन्सोक नोर्बु लामा र राहुल विश्वकर्मा इभन-पार ६८ को स्कोरमा संयुक्तरूपमा शीर्षस्थानमा रहेका छन् । उनीहरूले बलराम पौडेल र निश्चयजङ्ग रायमाझीलाई एक स्ट्रोकले पछि पारेका छन् । बलराम र निश्चयले १-ओभर ६९ स्कोर गरे । ७२ होलको चार दिने प्रतियोगितामा ३६ प्रोफेसनल र ११ एमेच्योर गरी कुल ४७ खेलाडीको सहभागीता रहेको छ । ३६ होलको समाप्तीमा कट लागु हुनेछ । जहाँ शीर्ष २१ प्रोफेसनल र एमेच्योर खेलाडीले बाँकी ३६ होलको लागि स्थान बनाउनेछन् ।

प्रतियोगिताको कुल पुरस्कार राशी ६ लाख रूपैयाँ रहेको छ । विजेताले १ लाख १० हजार रूपैयाँ प्राप्त गर्नेछन् । दोस्रो र तेस्रो हुनेले क्रमश ७० हजार र ५० हजार हात पार्नेछन् । साथै शीर्ष २१ भित्र पर्ने प्रोफेसनल गल्फरहरूले पनि नगद प्राप्त गर्नेछन् । चार दिनको मुख्य स्पर्धा पश्चात शनिबार प्रो-एम प्रतिस्पर्धा हुनेछ ।


**साउदीमा रोजगार** — कम्पनी : PETROPAN GENERAL CONTRACTING COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८२/०२/०६ | LT. No. 324181 | चलानी नं.६०२३८१३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 9 | 0 | 1800 | ६५,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Reliance Recruitment Services Pvt. Ltd.
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np
श्रम ईजाजत नं. ९७१/०६७/०६८

**कुवेतमा रोजगार** — कम्पनी : SERENITY BEAUTY SALON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०६ | LT. No. 316466 | चलानी नं. ६०२३०७१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician (make-up artist/eyebrow threaders/facials) | 0 | 1 | 150 | ६७,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt.Lic. No 1726/081/082
S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com

**कतारमा रोजगार** — कम्पनी : CENTRAL INN AL SADD SUITES HOTELS

पूर्व स्वीकृति मिति : २०८२/०२/०६ | LT. No 324120 | चलानी नं. ६०२३८१५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GEN.CLEAN WORKER | 0 | 50 | 1000 | ३७,४७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | LABOUR SERVICES | 49 | 0 | 1000 | ३७,४७८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Sunlight Recruitment Service Pvt.Ltd.
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np,
sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np

**साउदी/कुवेतमा रोजगार** — कम्पनी : Natural Juices Establishment for Providing Beverages

पूर्व स्वीकृति मिति : २०८२/०२/०५ | LT. No. 324122 | चलानी नं. ६०२३८१४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 2 | 0 | 1200 | ४३,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Rabat Technical Services Co.

पूर्व स्वीकृति मिति : २०८२/०२/०६ | LT. No. 324159 | चलानी नं. ६०२३८११५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car A/C Mechanic | 2 | 0 | 150 | ६७,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Car Electricain Asst | 2 | 0 | 150 | ६७,०३० | | | | | | | |
| 3 | Car Electrician | 2 | 0 | 150 | ६७,०३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**युएइमा रोजगार** — कम्पनी : Jumbo Plastic Industry Sole Proprietorship LCC

पूर्व स्वीकृति मिति : २०८१/११/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०६ | LT. No. 319326 | चलानी नं. ६०२३३५१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SEWING MACHINE OPERATOR. | 10 | 25 | 1500 | ५६,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम ईजाजत नं. १०१९/०६८/०६९


## कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति: २०८२/०२/०७)

यस कालिका नगरपालिकाबाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आह्वानको सूचनाहरुको म्यादभित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्याकित सारभूत रूपमा प्रभावग्राही (Lowest Evaluated Substantially Responsive Bidder) तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| S. No. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount With VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 16/Works/NCB/KM/081/082 | Construction of Bridge at Kalika Na Pa 10 Kayar Khola | २०८१ साल माघ २४ गते (6th February, 2025) | 4,38,67,855.90 | KNS-IPL-ASCOT JOINT VENTURE, Manbhawan, Lalitpur-05, Nepal | |

प्रमुख प्रशासकिय अधिकृत

# ट्रम्पलाई पुटिनले दिए वार्ताको वाचा तर युक्रेनमा युद्धविराम नगर्ने



**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग कुराकानी गरेपछि रुस र युक्रेनले ‘तत्काल’ शान्ति वार्ता सुरु गर्ने बताएका छन् । यद्यपि पुटिनले ट्रम्पको विनासर्त युद्धविरामको आह्वानलाई अस्वीकार गरेका छन् ।

रिपब्लिकन राष्ट्रपति ट्रम्पले चुनावी अभियानमा २४ घण्टाभित्र समाधान गर्ने वाचा गरेको द्वन्द्व अन्त्य गर्ने सम्झौताको खोजी गरिरहेका बेला उनले दुई घण्टाको कुराकानीलाई सफलताका रूपमा प्रस्तुत गरे । तर पुटिनले अधिक संयमित स्वर अपनाए । उनले सन् २०२२ फेब्रुअरीमा मस्कोले सुरु गरेको युद्ध अन्त्य गर्नेतर्फको ज्ञापनपत्रमा काम गर्न किएभसँग तयार रहेको तर दुवै पक्षबाट समझौता गर्नुपर्ने कुरामा जोड दिए ।

ओभल अफिसमा भड्किएको विवादपछि अमेरिकी राष्ट्रपतिसँगको सम्बन्ध सुल्झाएका युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले ट्रम्पलाई अलग्गै फोनवार्तामा ‘हामीविना’ कुनै पनि निर्णय नगर्न आग्रह गरे । पुटिनले सम्झौता गर्न अस्वीकार गरेकामा बढ्दो निराशा देखाउँदै ट्रम्पले द्वन्द्व अन्त्य गर्ने आशा पुटिनसँगको व्यक्तिगत सम्बन्धमा राखेका छन् ।

‘मलाई विश्वास छ यो कुराकानी धेरै राम्रो भयो,’ सोमबार पुटिनसँगको कुराकानीपछि ट्रम्पले आफ्नो ट्रुथ सोसल नेटवर्कमा भने, ‘रुस र युक्रेनले तुरुन्तै युद्धविराम र अझ महत्त्वपूर्ण रूपमा युद्धको अन्त्यका लागि वार्ता सुरु गर्ने छन् ।’ पछि ट्रम्पले पुटिन युद्धविरामका लागि तयार रहेको आफूले सोचेको बताए । ‘मलाई लाग्छ उहाँ यसलाई समाप्त पार्न चाहनुहुन्छ,’ ट्रम्पले ओभल अफिसमा पत्रकारहरूलाई भने, ‘यदि राष्ट्रपति पुटिन यसलाई समाप्त गर्न चाहनुहुन्न भन्ने मलाई लागेको भए, म यसबारे कुरा नै गर्दिनथें ।’

## धेरै उपयोगी

यसअघि ट्रम्पले रुस र युक्रेनबीच ३० दिनका लागि विनासर्त युद्धविरामको आह्वान गरेका थिए । किएभ सहमत भयो, तर पुटिनले अहिलेसम्म त्यस्तो कुनै पनि युद्धविरामलाई अस्वीकार गरेका छन्, जसले पश्चिमी देशहरूबाट आलोचना निम्त्याएको छ ।

ट्रम्पसँगको कुराकानीबारे पुटिन अधिक संयमित देखिए । यद्यपि उनले युद्धविरामबारे छलफल गर्न तयार भएको अहिलेसम्मको सबैभन्दा ठोस संकेतहरूमध्ये एक दिएका थिए । ‘यो कुराकानी धेरै जानकारीमूलक, धेरै खुला र समग्रमा, मेरो विचारमा धेरै उपयोगी थियो,’ पुटिनले फोनवार्तापछि रुसी मिडियालाई भने ।

उनका अनुसार रुसले प्रस्ताव गर्ने छ र युक्रेनी पक्षसँग भविष्यको सम्भावित शान्ति सम्झौताबारे विभिन्न स्थितिहरू परिभाषित गर्ने एक ज्ञापनपत्रमा काम गर्न तयार रहने छ । उनका टिप्पणीहरूले धेरै विवरणहरू अस्पष्ट छाडेका छन् र उनले थप ‘समझौताहरू’ अझै आवश्यक रहेको कुरामा जोड दिएका छन् ।

किएभ र पश्चिमी सहयोगीहरूलाई चिन्तित तुल्याउँदै आफ्नो पदभार ग्रहणपछि रुससँगको वार्तातर्फको मोडबीच ट्रम्प पुटिनको आलोचना गर्नबाट मोटामोटी रूपमा टाढा रहेका छन् । उनले पुटिनसँगको आमनेसामने भेटले मात्र द्वन्द्व अन्त्य गर्न सक्ने कुरामा जोड दिएका छन् । यद्यपि पुटिनले गत हप्ता इस्तानबुलमा भेट्ने उनको सुझावलाई अस्वीकार गरे । इस्तानबुलमा रुस र युक्रेनले तीन वर्षभन्दा बढी समयपछि पहिलो प्रत्यक्ष वार्ता गरेका थिए । पुटिनले ढिलाइ गरिरहेको आशंकाकाबीच ट्रम्पले बढ्दो अधैर्यका संकेतहरू देखाएका छन् ।

## प्रतिबन्धहरु कडा गर्न आग्रह

जेलेन्स्कीले पुटिनसँगको कुराकानी गर्नुअघि र पछि ट्रम्पसँग कुरा गरे र अमेरिकी राष्ट्रपतिलाई रुसले युद्धविराम गर्न अस्वीकार गरेमा प्रतिबन्धहरू कडा गर्न आग्रह गरे । ‘मैले पुटिनसँगको कुराकानीअघि युक्रेनको बारेमा हामीविना कुनै पनि निर्णय नगर्न आग्रह गरेँ,’ जेलेन्स्कीले पत्रकारहरूलाई भने ।

जेलेन्स्कीले रुसले आफ्नो आक्रमण अन्त्य गर्न अघि सारेको मागलाई अस्वीकार गर्दै किएभको नियन्त्रणमा रहेको पूर्वी र दक्षिणी युक्रेनका भागहरूबाट सेना फिर्ता लिन अस्वीकार गरे । ट्रम्पले पुटिनसँगको कुराकानीपछि युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयेन र फ्रान्स, जर्मनी, इटाली र फिनल्यान्डका नेताहरूसहित पश्चिमी नेताहरूसँग कुरा गरे ।

यसैबीच ट्रम्प र इटालीका प्रधानमन्त्री जोर्जिया मेलोनी दुवैका अनुसार पोप लियो चौधौंले भ्याटिकनमा रुस-युक्रेन वार्ता आयोजना गर्न प्रस्ताव गरेका छन् । यसैबीच युरोपेली राष्ट्रहरूले ट्रम्प-पुटिनको कुराकानीपछि तुरुन्तै युद्धविराममा सहमत भएन भने रुसविरुद्ध पश्चिमी प्रतिबन्धहरू कडा पार्ने किएभको आह्वानलाई समर्थन गरेका छन् ।

तर ट्रम्पबाट त्यस्ता संकेतहरू थिए कि उनी प्रतिबन्ध लगाउनुभन्दा मस्कोसँगको सम्बन्ध पुनःस्थापित गर्नमा बढी इच्छुक छन् । उनले रुसले ‘यो विनासकारी ‘रक्तपात’ समाप्त भएपछि संयुक्त राज्य अमेरिकासँग ठूलो मात्रामा व्यापार’ गर्नसक्ने लोभ देखाए ।

रूसी सेनाले आफ्नो आक्रमण जारी राखेको छ । मस्कोले आफ्नो सेनाले युक्रेनको पूर्वी सुमी र डोनेट्स्क क्षेत्रका दुईवटा गाउँ कब्जा गरेको दाबी गरेको छ । रुसले रातभर युक्रेनमा ११२ वटा ड्रोन प्रहार गरेको थियो । तीमध्ये ७६ वटालाई खसालिएको युक्रेनी वायु सेनाले जनाएको छ । *रासस/एएफपी*

# डब्ल्युएचओद्वारा ऐतिहासिक महामारी सम्झौता स्वीकृत




**जेनेभा–** संयुक्त राष्ट्रसंघीय स्वास्थ्य एजेन्सी विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले मंगलबार कोभिड-१९ संकटबाट उत्पन्न भएको तीन वर्षभन्दा बढी वार्तापछि भविष्यको स्वास्थ्य संकटसँग जुध्न एउटा ऐतिहासिक महामारी सम्झौता स्वीकृत गरेको छ ।

यो सम्झौताको उद्देश्य भविष्यका कुनै पनि महामारीमा विश्वव्यापी समन्वय र निगरानी तथा खोपहरूको पहुँच सुधार गरेर कोभिड-१९ महामारीको वरिपरि रहेको अव्यवस्थित प्रतिक्रिया र अन्तर्राष्ट्रिय अव्यवस्थालाई रोक्नु हो । डब्ल्युएचओको निर्णय गर्ने वार्षिक सभाले मंगलबार जेनेभाको मुख्यालयमा उक्त योजना स्वीकृत गरेको हो ।

‘यो एक ऐतिहासिक दिन हो,’ डब्ल्युएचओ प्रमुख टेड्रोस अधानम घेबरेयसले मतदानपछि भने । धेरै चरणको तनावपूर्ण वार्तापछि गत महिना सहमतिमा सम्झौताको पाठलाई अन्तिम रूप दिइएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले डब्ल्युएचओबाट आफ्नो देश फिर्ता लिने निर्णय गरेपछि संयुक्त राज्य अमेरिका ती वार्ताहरूबाट बाहिरिएको थियो । अमेरिका बाहिरिने प्रक्रिया पूरा हुन एक वर्ष लाग्छ ।

‘हामी सदस्य राष्ट्रहरूको नेतृत्व, सहकार्य र प्रतिबद्धताका कारण ऐतिहासिक डब्ल्युएचओ महामारी सम्झौता अपनाउन विश्व आज सुरक्षित छ,’ टेड्रोसले एक विज्ञप्तिमा भने, ‘ यो सम्झौता सार्वजनिक स्वास्थ्य, विज्ञान र बहुपक्षीय कार्यका लागि एक विजय हो । यसले हामीलाई सामूहिकरूपमा भविष्यका महामारी खतराहरूबाट विश्वलाई अझ राम्रोसँग सुरक्षित गर्न निश्चित गर्ने छ । हाम्रा नागरिक, समाज र अर्थतन्त्रहरू फेरि कोभिड-१९ को समयमा भोग्नुपरेको जस्तो नोक्सान भोग्न नपरोस् भन्ने कुरा अन्तर्राष्ट्रिय समुदायले पनि मान्यता दिएको छ ।’

## अनुमोदनको बाटो

सम्झौताको उद्देश्य अधिक अन्तर्राष्ट्रिय समन्वय र निगरानी तथा खोप र उपचारहरूमा अधिक न्यायसंगत पहुँचमा ध्यान केन्द्रित गरेर महामारीहरू राम्रोसँग पत्ता लगाउन र लड्न सुधार गर्नु हो । पछिल्लो कोभिड-१९ महामारीको समयमा खोपहरूको पहुँचबाट काटिएको महसुस गर्दै धनी र विकासोन्मुख देशहरूबीच असहमतिले वार्ताहरू तनावपूर्ण बन्यो । यो सम्झौताले राज्यको सार्वभौमसत्तामा अतिक्रमण गर्ने ठान्नेहरूको विरोधको सामना गर्‍यो । सम्झौताको रोगजनक पहुँच र लाभ साझेदारी संयन्त्रको विवरण बाहिर निकाल्न देशहरूसँग २०२६ मे महिनासम्मको समय छ ।

पिएबिएस संयन्त्रले महामारीको सम्भावना भएका रोगजनकहरूमा पहुँच साझा गर्ने र त्यसपछि तिनीहरूबाट प्राप्त फाइदाहरू साझा गर्नेः खोप, परीक्षण र उपचारसँग सम्बन्धित छ । एकपटक पिएबिएस प्रणालीलाई अन्तिम रूप दिइएपछि सम्झौता अनुमोदन गर्न सकिन्छ । सन्धि लागू हुन ६० वटा अनुमोदन आवश्यक छ ।

दक्षिण अफ्रिकाकी प्रेसियस मात्सोसो र फ्रान्सका विश्व स्वास्थ्य राजदूत एन-क्लेयर एम्प्रोले सम्झौतामा अग्रसर भएको वार्ताहरूको सहअध्यक्षता गरेका थिए । ‘यसको उद्देश्य नियम-आधारित, भविष्य-सुरक्षित प्रणाली सिर्जना गर्नु हो जुन समयको परीक्षणमा खरो उत्रिने छ । यसले देशहरूको सार्वभौमिकतालाई कमजोर पार्दैन र पार्ने छैन,’ उनले सोमबार सभालाई भने, ‘बढ्दो भूराजनीतिक तनाव र भूकम्पीय परिवर्तनहरूको समयमा यो सम्झौता विश्व अझै पनि एकसाथ रहेको प्रमाण हो ।’ *रासस/एएफपी*

# भारतले पाकिस्तानसँग सीमा समारोह पुनः सुरू गर्ने

**अमृतसर (भारत)–** भारतले छिमेकी मुलुक पाकिस्तानसँग दैनिक सीमा समारोह पुनः सुरु गर्ने बताएको छ । उसले केही हप्ताअघि आणविक-सशस्त्र प्रतिद्वन्द्वीहरूबीच दशकौंदेखिको सबैभन्दा गम्भीर संघर्षपछि छोटो समयका लागि उक्त समारोह रोकेको थियो ।

भारत प्रशासित कश्मीरमा अप्रिल २२ मा पर्यटकहरूमाथि भएको आक्रमणबाट सुरु भएको लडाइँमा कम्तीमा ६० जनाको मृत्यु भएको थियो । पर्यटकहरूमाथि भएको आक्रमणलाई नयाँदिल्लीले इस्लामाबादले समर्थन गरेको आरोप लगाएको थियो । पाकिस्तानले उक्त आरोपलाई अस्वीकार गरेको थियो ।

भारतको सीमा सुरक्षा बलले मंगलबार मिडियाका लागि र बुधबार उत्तरी राज्य पञ्जाबको अटारी-वाघा भूमि सीमामा आमजनताका लागि सूर्यास्त समारोह खुला हुने बताएको थियो । पाकिस्तानले आफूले कहिल्यै समारोह नरोकेको र आफ्ना सैनिकहरू सीमाको आफ्नो तर्फ एक्लै मार्च गरिरहेको बताएको छ ।

यद्यपि यो समारोह भूमि सीमा बन्द गर्नेसहित पाकिस्तानविरुद्ध अझै पनि कूटनीतिक उपायहरूसहित एक कम प्रचार पूर्ण हुने अपेक्षा गरिएको छ । वर्षौंदेखि अटारी-वाघा सीमामा हुने समारोह लोकप्रिय पर्यटकीय आकर्षण बनेको छ । दुवैतर्फका अवलोकनकर्ताहरू हाँसपाइला चाल्दै छाती फुलाउने नाटकीय प्रदर्शनमा सैनिकहरूलाई प्रोत्साहन दिन आउँछन् ।

यो सीमा सन् १९४७ मा ब्रिटिस शासनको हिंसात्मक अन्त्यमा औपनिवेशिक सिर्जना थियो जसले उपमहाद्वीपलाई हिन्दू-बहुल भारत र मुस्लिम-बहुल पाकिस्तानमा विभाजित गरेको थियो । दैनिक सीमा अनुष्ठान धेरै हदसम्म दशकौंदेखि कायम छ । यसले असंख्य कूटनीतिक उथलपुथल र सैन्य झडपहरूबाट बच्दै आएको छ । *रासस/एएफपी*

# इजरायली आक्रमणले गाजाका ९२ प्रतिशत घर ध्वस्त

**न्युयोर्क–** प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्ल्युए) ले सन् २०२३ अक्टोबर ७ देखि प्यालेस्टिनमा जारी इजरायली आक्रमणबाट गाजा पट्टीका बासिन्दाहरूको ९२ प्रतिशत घरहरू नष्ट वा क्षतिग्रस्त भएको घोषणा गरेको छ ।

युएनआरडब्ल्युएले सोमबार आफ्नो एक्स प्लेटफर्ममार्फत ‘गाजाका परिवारहरूले अकल्पनीय विनासको सामना गरिरहेका छन्’ भन्दै ‘सुरक्षा क्लस्टरका अनुसार पट्टीका ९२ प्रतिशत घरहरू क्षतिग्रस्त वा नष्ट भएका छन्’ भनी जोड दिएको छ ।

राष्ट्रसंघीय एजेन्सीले ‘अनगिन्ती बासिन्दाहरू धेरै पटक विस्थापित भएका छन् र आश्रय अभाव भएको छ’ उल्लेख गर्दै यो अझै पनि महत्त्वपूर्ण सहायता प्रदान गर्ने भूमिमा रहेको कुरामा जोड दिएको छ । युएनआरडब्ल्युएले आफ्नो विज्ञप्तिमा ‘गाजा पट्टीमा लगाइएको नाकाबन्दी हटाउने आवश्यकता’ मा जोड दिएको छ ।

जनवरी १९ देखि लागु भएको युद्धविराम सम्झौताअन्तर्गत दुई महिनाको विरामपछि इजरायली कब्जा सेनाले मार्च १८ मा गाजा पट्टीमा आफ्नो आक्रमण पुनः सुरु गरेको थियो । यद्यपि, यस कब्जाले अभूतपूर्व मानवीय त्रासदीको सामना गरिरहेको गाजा पट्टीका विभिन्न क्षेत्रहरूमा बमबारी जारी राख्दै दुई महिनाको अवधिमा युद्धविरामका सर्तहरू उल्लंघन गरेको छ । *रासस/क्युएनए*


## युएइमा रोजगार
कम्पनी : Okool Manpower Recruitment Service-sole Properietorship L.L.C
पूर्व स्वीकृति मिति : २०८१/११/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०२/०६ | LT. No. 319348 | चलानी नं. ६०२३३५४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Male Security Guards | 50 | 0 | 1600 | ५९,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ जेठ १४ गते (28th May 2025) मा हुनेछ ।

